
# चितवनको माडी क्षेत्र अन्तर्गत बाँदरमुडे खोलामा माओवादीद्वारा यात्रुबाहक बसमा विद्युतीय धराप विस्फोट गराउँदा भएको  घटनाको स्थलगत अध्ययन प्रतिवेदन




## सारांश

माओवादीले चितवन जिल्लाको माडी क्षेत्रमा पर्ने कल्याणपुर गाविसको बाँदरमुडे खोलामा यात्रु बाहक बसमा विद्युतीय धराप विस्फोट गराउँदा ३५ सर्वसाधारण र ३ सुरक्षाकर्मी सहित ३८ जनाको मृत्यु भयो। मृत्यु हुनेमा महिला १६, पुरूष १५ र बालबालिका ७ जना थिए।

२०६२ जेठ २३ गते बिहान सर्वसाधारण जनता चढ्नु भन्दा पहिले नै सादा पोसाकका सुरक्षाकर्मीहरू बसमा चढे। थप सर्वसाधारण यात्रुहरू सहित करिब ६:३० बजेतिर बस अयोध्यापुरीको बगईबाट बनकट्टाका लागि प्रस्थान गऱ्यो। खरकट्टामा केही बेर रोकिई कल्याणपुर गाविस वडा नं. ४ को किर्तनपुरमा आईपुगेपछि बसको छतमा समेत यात्रुहरू खचाखच भरिए। बस कल्याणपुर गाविस वडा नं. ४ र १ को सिमानामा पर्ने बाँदरमुडे खोलामा प्रवेश गर्ने बित्तिकै विद्युतीय धराप विस्फोट भयो। विस्फोट हुँदा बस क्षतविक्षत भयो। घटनास्थलमै ३ जना सुरक्षाकर्मी सहित ३२ जना, उपचारार्थ बसन्तपुर स्वास्थ्य चौकीमा पुऱ्याइएका ४ जना र उपचारका लागि भरतपुर अस्पतालमा पुऱ्याइएकी १ जना महिलाको जेठ २३ गते नै मृत्यु भयो। त्यसैगरी मेडिकल कलेज भरतपुरमा आईसीयुमा उपचार गराइरहेकी डेढ वर्षीय १ बालिकाको जेठ ३१ गते बिहान मृत्यु भयो। यस बाहेक ४ जना सुरक्षाकर्मीसहित ३७ जना गम्भीर घाइते भए। घाइतेमध्ये अधिकांशको अंगभंग भएको पाइयो। स्थानीय जनताले घाइतेहरूको उद्धार कार्य गरेका थिए। घाइतेहरु मध्ये १४ जनालाई काठमाडौंस्थित वीरेन्द्र सैनिक अस्पताल, छाउनी तथा अन्यलाई चितवनस्थित भरतपुर अस्पताल र मेडिकल कलेज भरतपुरमा भर्ना गरियो।

घटना भएको करिब पौने दुई घण्टापछि सुरक्षाकर्मी घटनास्थलमा पुगेका थिए। घाइतेको उद्धार कार्यमा सुरक्षा निकायको सक्रियता कम रहेको जनगुनासो पाइयो। अस्पताल भर्ना भई उपचार गराइरहेका घाइतेको उपचारमा सरकारी निकायले २६ गते देखि मात्र चासो देखाएको पाइयो।

लासहरू निकाल्दा बसमा म्याग्जीन सहितका दुई वटा झोला र आठ वटा हतियार भेटिएको प्रत्यक्षदर्शी तथा उद्धारकर्ताले बताए।


यो घटनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानुनको पूर्णरूपमा उल्लंघन भएको छ।


**सन्धि अनुगमन समन्वय समिति**

**सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**२०६२ जेठ ३१ गते, ललितपुर**

# Summary




A total of 38 persons including 35 civilians and 3 security persons died in the incident where Maoists trapped a public bus in landmine at Badarmudhe stream of Kalyanpur VDC, which lies at Madi area of Chitwan district in mid region of Nepal. 16 women, 15 men and 7 children were among those killed.

On June 6, 2005 morning plain clothe security persons boarded in the bus ahead of civilians. The bus left for Bankatta from Baghai of Ayodhyapuri VDC with some more civilians at around 6:30 a.m. The bus stopped at Kharkatta for some while and when it arrived Kirtanpur of Kalyanpur VDC-4, the bus was packed with passengers even on the hood. As soon as the bus entered Badarmudhe stream that lies at the border of Kalyanpur VDC-1 and 4, the landmine went off. The bus was completely damaged in the explosion. 32 persons including 3 security persons died on the spot, 4 sent to Basantapur health post for treatment and 1 woman sent to Bharatpur Hospital for treatment died on June 6. Similarly, a one and half years old girl undergoing treatment at ICU ward of Medical College, Bharatpur died on June 14 morning. Besides this 37 persons including 4 security persons were seriously injured in the incident. Maximum of those injured were found mutilated. Locals had rescued the injured persons. 14 of those injured were admitted to Kathmandu based Birendra Army Hospital, Chhauni and others were admitted at Bharatpur Hospital and Medical College Bharatpur.

Security persons had reached the spot after 1 hour 45 minutes. People were upset on the less activeness of security persons in the rescue work. Government institution showed concern on the treatment of injured persons only after June 9.

According to eyewitness and rescuer, two bags with magazine and eight weapons were found while taking out the dead bodies from the bus.

National and International Human Rights and Humanitarian Laws have been violated in this incident.

**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 14 June 2005**

**पृष्ठभूमि**

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत चितवन जिल्लाको सदरमुकाम भरतपुरदेखि ४५ कि.मि. दक्षिण माडी क्षेत्रको कल्याणपुर गाविस वडा नं. १ र ४ को सीमानामा पर्ने बाँदरमुडे खोलामा ना १ ख ३२४५ नं. को यात्रुबाहक बस माओवादीले विद्युतीय धरापमा विष्फोट गराउँदा भएको घटनाको सत्य-तथ्य पत्ता लगाउन काठमाडौंबाट मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को टोली घटनास्थल पुगि घटनाको अध्ययन गर्‍यो। टोली २०६२ जेठ २४ गते घटनास्थलतर्फ प्रस्थान गरेको थियो। टोलिले २०६२ जेठ २४ गतेदेखि २७ गतेसम्म घटनाको स्थलगत अध्ययन र विवरण लिने कार्य गरेको थियो। घटना अध्ययनको क्रममा घाइते, घटनाका प्रत्यक्षदर्शी, उद्धार कार्यमा संलग्न व्यक्तिहरू, मृतक तथा घाइतेका परिवार तथा आफन्तहरू, सुरक्षा निकाय, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय मानवअधिकार संघ संस्थाका प्रतिनिधिहरूसँग घटनाका सम्बन्धमा छलफल तथा सोधपुछ गरी घटनाको विवरण संकलन गरियो। अस्पतालमा भर्ना भएका घाइते तथा चिकित्सकसँग पनि टोलीले यस सम्बन्धमा विवरण लिएको थियो।

**तथ्य संकलनको उद्देश्य**

१. घटनाका सम्बन्धमा सत्य-तथ्य पत्ता लगाउने,
२. घटनाको सत्य-तथ्य सहितको प्रतिवेदन तयार गर्ने।

**तथ्य संकलन पद्धति**

१. घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन
२. घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन
३. घटनास्थलको अवलोकन
४. घटनाका घाइते, मृतकका परिवार, प्रत्यक्षदर्शी, उद्धारकर्मीसँग भेट गरी घटनाको विवरण संकलन
५. सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय नागरिक समाज र मानव अधिकारकर्मीहरू तथा अन्य सम्बन्धित निकाय र व्यक्तिसँग घटनाका सम्बन्धमा छलफल गरी घटनाको विवरण संकलन।

**तथ्य संकलन टोली**

| | | |
|---|---|---|
| १. | लुमासिं विश्वकर्मा | इन्सेक |
| २. | विमलचन्द्र शर्मा | इन्सेक |
| ३. | रूपेश नेपाल | इन्सेक |
| ४. | स्वागतराज प्याकुरेल | इन्सेक |
| ५. | गोपाल श्रेष्ठ | इन्हुरेड/हिमराईट्स लाइफ लाइन |
| ६. | माधव लोहनी | सिविन-नेपाल |
| ७. | भोजराज अधिकारी | मानवअधिकार एलाइन्स |
| ८. | अर्पण गुरूङ | आर. आर. एन. |
| ९. | मुकुन्दराज दाहाल | इन्सेक मानव अधिकार वर्ष पुस्तक प्रतिनिधि-चितवन |
| १०. | रामप्रसाद न्यौपाने | मानवअधिकार एलाइन्स, चितवन |
| ११. | रमेश पौडेल | स्थानीय सञ्चारकर्मी |

**घटनाको संक्षिप्त विवरण**

**घटना मितिः** २०६२ जेठ २३ गते
**घटना समयः** अन्दाजी बिहान ८:१५ बजे

**घटनास्थलः** चितवन जिल्ला माडी क्षेत्रको कल्याणपुर गाविस वडा नं. ४ र १ को सिमानामा रहेको बाँदरमुडे खोला
**पीडकः** माओवादी
**पीडितः** बसमा यात्रा गरिरहेका यात्रु

**घटना विवरण**

२०६२ जेठ २३ गते बिहान सर्वसाधारण जनता चढ्नु भन्दा पहिले नै सादा पोसाकका सुरक्षाकर्मीहरू बसमा चढे। थप सर्वसाधारण यात्रुसहित करिब ६:३० बजेतिर ना २ ख ३२४५ नं.को यात्रु बाहक बस अयोध्यापुरीको बगईबाट बनकट्टाका लागि प्रस्थान गऱ्यो। खरकट्टामा केही बेर रोकिइ चिया खाई कल्यानपुर गाविस वडा नं. ४ को कीर्तनपुरमा आइपुगेपछि बसको छतमा समेत यात्रुहरू खचाखच भरिए। बस कल्याणपुरको वडा नं. ४ र १ को सिमानामा पर्ने बाँदरमुडे खोलामा प्रवेश गर्ने बित्तिकै विद्युतीय धराप बसको उत्तर छेउबाट विस्फोट भयो। विस्फोटनबाट बस पूर्ण रूपमा क्षतिग्रस्त भयो। बसमा यात्रा गरिरहेका तीन जना सुरक्षाकर्मी र ३५ जना सर्वसाधारण नागरिक सहित ३८ जनाको मृत्यु भयो। चार जना सुरक्षाकर्मी सहित ३७ जना सर्वसाधारण यात्रु सख्त घाइते भए। विस्फोटनमा परी मान्छेका शरीर क्षतविक्षत भएको तथा अधिकांश घाइतेहरूको हातखुट्टा भाँचिएको थियो। विस्फोटनका कारण बसमा भएका सबै यात्रुको कानको सुन्ने शक्तिमा असर परेको छ। स्थानीयवासीले घाइतेलाई गाडा तथा ट्याक्टरमा राखेर उद्धार कार्य गरे।

**घटनास्थलको विवरण**

घटनास्थल अवलोकन गर्दा बसको अगाडि र पछाडि भाग, बीचको भागको तुलनामा कम क्षतिग्रस्त थिए। गाडीको एक्सल भाँचिएको र बाहिर निस्किएको थियो। अगाडिको टायरमा क्षति पुगेको थिएन। पछाडिको दायाँ तिरको टायर एक मिटर अगाडि उछिट्टिएको थियो। पछाडीको टायरसँगै विस्फोट भएको ठाँउमा उत्तर-दक्षिण १२ फिट, पूर्व-पश्चिम १२.६ फिट लम्बाइको खाडलमा जमिन मुनिबाट पानी जमेको देखियो। खाडलको पानीसम्म दुई फिट र पानी मुनी २.५ फिट गरी जम्मा ४.५ फिट गहिरो खाडल परेको पाइयो। विस्फोटनका कारण बसबाट टुक्रिएका फलामका पाताहरू करिब १ सय मिटर परसम्म पुगेका थिए। यात्रुले आफूसँगै ल्याएका आलु, मकै, केरा, गुन्द्रीहरू यत्रतत्र अवस्थामा थिए। जुत्ता, चप्पल, कपडा घटनास्थल वरपर छरिएका थिए। विस्फोटनबाट क्षतविक्षत भएका शरीरका साना साना मांशपेशीका टुक्राहरू बस मुनी र वरिपरी देखियो। बसको बीचको भाग पूर्णरूपमा क्षतिग्रस्त देखियो। सिटहरू भाँचिएका र केही जलेको अवस्थामा थिए। क्षतिग्रस्त बसको करिब तीन मिटर दक्षिण तिर ९-१० वर्षको बच्चाको क्षतविक्षत अवस्थामा रहेको एउटा हात र खुट्टा तथा भुँडी करिब दुई फिट बालुवामा पुरिएको अवस्थामा रहेको थियो।



**क्षतिग्रस्त बसको निरीक्षण गर्दै अनुगमन टोली**

घटनास्थलको उत्तरतिर करिब १०० मिटरको दूरीमा धराप विस्फोट गराउन प्रयोग गरिएको तार छोप्न खनिएको डोब रहेको थियो, जहाँ ५० मिटर तार पुरिएको डोब (निसान) देखिएको थियो।

## प्रत्यक्षदर्शी तथा उद्धारकर्ताहरूको भनाइ

**रामप्रसाद न्यौपाने**
उद्धारकर्ता /प्रत्यक्षदर्शी
सचिव, मानव अधिकार एलायन्स, चितवन
घटना भएको दिन बिहान म आफ्नो अफिसको कामको सिलसिलामा थिएँ। बिहान ७:१५ बजे कीर्तनपुर बजार आइपुगें। बस त्यहीं थियो। गाडीमा मान्छे चढ्ने क्रम जारी थियो। मान्छे बसको छतमा पनि चढ्दै थिए। माडीको बस सधैं भीड हुन्छ। मेरो मोटरसाइकल भएको हुनाले म सरासर  वसन्तपुर आएँ। मेरो शाखा कार्यालय वसन्तपुरमा छ। अफिसमा आएर मोटरसाइकल राखी चिया पसलमा गई चिया पिएँ। त्यसै बेला ठूलो आवाजमा विष्फोट भएको सुनियो। म सँगै भएको साथीले बम पड्क्यो भन्नुभयो। मैले भनें- माडीमा बम पड्काउने ठाउँ कहाँ छ र ! गाडीको टायर ठूलो आवाजमा पड्क्यो होला। बाहिर निस्किदा एउटा विद्यार्थीलाई साइकलमा डोऱ्याएर ल्याइरहेको भेट्यौं। मैले चिनेको भाइ रहेछ। मैले 'बम पड्केको हो ?' भनी सोधें। 'हो' भनी जवाफ दियो। अनि 'त्यही घाइते हो ?' भनी सोधें। उसले 'होइन, यो त स्कूलमा बेहोस भएको हो' भनी भन्यो। 'बम कहाँ पड्क्यो ?' भनी सोध्दा 'त्यो भत्केको पुलमा' भन्यो। त्यसपछि म र मेरो साथी श्रीप्रसादजी मोटरसाइकल लिई त्यसतर्फ गयौं। कल्याणपुर गाविसको वडा नं. ४ र १ को सीमानामा रहेको खोलामा विस्फोटन भएको रहेछ। घटनास्थलमा रूवाबासी थियो। घटनास्थल रक्ताम्य थियो। हामीले त्यसपछि केही घाइतेहरूलाई बाहिर तान्यौं र उनीहरूले हामीलाई उपचार गराउन लैजान भने। गाडी क्षतविक्षत अवस्थामा थियो। घाइतेहरू नजिकै चौरमा थिए। कोही त्यहाँ नजिकै रहेको गोठमा पनि बसिरहेका थिए।

घटना बारे बसन्तपुर आएर एम्बुलेन्सलाई फोन गऱ्यौं। सिनर्जी र कालिका दुईवटा एफ.एम. लाई पनि फोन गरियो। त्यसै बेला कसरा ब्यारेकको फोन त्यहाँ आयो। फोन रिसिभ गर्दा उनीहरूले 'हाम्रो मान्छे परेको छ कि छैन ?' भनी सोधे। मैले 'तपाईको मान्छे परेको थाहा छैन' भनेपछि पुन:  'हतियार लुटिएको छ कि छैन ?' भनी सोध्दा 'थाहा छैन, ३०-३५ जना मान्छे मरे होलान्, लासहरू छरपस्ट अवस्था छन्, तपाईहरू तुरून्त आइपुग्नुस्' भनें। हामी पुन: घटनास्थलतिर गयौं। त्यहाँका चौधरी समुदायका मान्छेलाई गाडा लिएर घाइतेहरूलाई स्थानीय हेल्थ पोष्टमा उपचारको लागि लैजान भन्यौं। घाइतेहरूलाई गाडा तथा ट्रयाक्टरमा राखी उपचारका लागि पठायौं।



**विद्युतीय धराप विस्फोटले बनाएको खाल्डो**

लासहरू पनि बाहिर निकाल्यौं। त्यहिबेला एउटा महिला चलेको आभास भयो र मैले त्यस महिलाको कान पछाडि छामें। श्वास चलेको आभास भयो। त्यही बेला एम्बुलेन्स पनि आइपुग्यो। त्यस महिलाको मुखमा ठूलो चोट थियो। उनलाई एम्बुलेन्समा हालेर हस्पिटल पठाइयो, तर हस्पिटल नपुग्दै बाटोमा मृत्यु भयो।

जब हामीले घाइतेहरूलाई निकालि सकेर लासहरू निकाल्दै थियौं, केही गोलीका म्यागजिन भेटियो। त्यसपछि मलाई बसमा सेना पनि रैछ भन्ने कुरामा स्पष्ट भयो। मैले साइडको एउटा मान्छेलाई बोलाएर 'सेना पनि चढ्या थियो ?"भनी सोधें। उसले 'थाहा भएन' भन्यो। अर्को मान्छेले 'सेना पनि चढ्या थिए' भन्यो। 'सेना सिभिलमा थिए' भन्यो। 'सेना कहाँ छन् ?' भनी सोद्धा केही भनेन। पुन: सोद्धा सिसौ रूख मुनी छेउमा देखायो। सेनाले आफ्नो वरपर सर्वसाधारणलाई आउन दिएको थिएन। मलाई पनि नआउनु भने। त्यहाँ त्यसै गाउँको चिनेको आर्मी पनि देखेकोले नमानी सरासर गएँ। मैले 'तपाईंहरू सुरक्षा सेना हो ,' भनी सोधें, उनीहरू केही पनि बोलेनन्। पुन: सोधें र उनीहरू फेरि पनि केही बोलेनन्। मैले 'नआत्तिनुस्, म पनि यहिंको मान्छे' भनेपछि सेना भनी स्वीकारे। 'तपाईहरू कति जना आउनु भएको थियो ?' भनी सोद्धा भनेनन्। रूखमुनी भुईंमा चार जना सुतिरहेका थिए। 'उनीहरू घाइते हो ?' भनी सोध्दा, 'हो, हल्का घाइते हुनु भएको छ' भनी एकजनाले भन्यो। त्यसबेला उसँग हतियार थिएन। अनि मैले 'तपाईंहरू कति जना आउनु भएको थियो ? निर्धक्कसँग भन्नुहोस्, म यहिँको स्थानीय मान्छे हो' भनेपछि उनीहरूले 'हामी १२ जना आएका थियौं' भने। 'बगइबाट चढ्नु भएको ?' भन्दा 'हो, त्यहींबाट चढेको' भनेर भने। त्यस बखत तिनीहरूमध्ये सामान्य अवस्थामा भएकाले हतियार लिएकै थिए। मैले 'यी घाइतेहरूलाई उपचार गर्न पठाउँ' भन्दा 'होइन, हामीले माथि खबर गरिसकेका छौं। उहाँहरू आएपछि हामी जान्छौं' भने। म पुन: घटनास्थलमा जाँदा अर्को म्यागजिन पनि भेटियो। त्यसपछि त्यो म्यागजिन त्यहिँ छोडेर म उनीहरूलाई खबर गर्न उनीहरू बसेको ठाउँमा आएँ। सेनालाई 'तपाईंहरूको कति हतियार हराएको छ ?" भनी सोध्दा दुई वटा हतियार र दुई वटा झोला हराएको छ भनेका थिए। 'म्यागिजन लिन जाउँ' भन्दा उनीहरू डराए। म फर्केर त्यही गाउँको एउटा दाइलाई बोकाएर म्यागजिन उनीहरू भएको ठाउँमा ल्याई बुझाइ दियौं। ब्यागमा छोटो किसिमका लगभग एक हात जतिका हतियारहरू थिए। एउटा झोलामा १०/१२ वटा म्यागिजनहरू रहेका थिए। उनीहरूले पछि कुरा गर्दा 'हाम्रा हतियारहरू ठीक छन्, दुईवटा हराएका थिए, त्यो पनि भेटिए' भनेका थिए। हामीले उनीहरूका घाइतेहरूको उपचार गर्नु पर्छ भनी उनीहरूलाई दबाब दिएँ। 'तपाईंहरूको फोर्स आउने कति बेला हो, निश्चित छैन। घाइतेहरूलाई पठाउनु पर्छ' भनें। मैले एउटा गाडालाई त्यहीं सिसौको रूखमुनी बोलाएँ। दुई जनालाई हामीले उचालेर राख्यौं। एउटाको खुट्टा भाँचिएको जस्तो थियो। अर्को शरीर उठाउनै नसक्ने अवस्थामा थियो। अरूलाई हल्का आड दिएपछि उनीहरू आफैं गाडामा चढे। यसरी उनीहरू चार जना र दुई जना त्यहींका स्थानीयलाई चढाएर 'जहाँनेर एम्बुलेन्स भेटिन्छ त्यहाँबाट चढाएर पठाइदिनू' भनी पठायौं।



**बसको क्षतिग्रस्त मध्य भाग**

त्यसबेलासम्ममा त्यहाँ थुप्रै स्थानीयवासी जम्मा भैसकेका थिए।  माडी मा.वि.का, हरिनगर नि.मा.वि. तथा रेडक्रसका विद्यार्थी भाइबहिनीहरू पनि आइसकेका थिए। उद्धार कार्यमा धेरैले सहयोग गरिरहेका थिए। हामीले घटनास्थल वरपर घेरा तानेर घेराबन्दी गर्‍यौं। लास दुबैपट्टी छरिएका थिए। मानिसहरू आक्रोशित देखिन्थे र 'हामी लास हेरेरै छोड्छौं' भनिरहेका थिए। हामीले उनीहरूलाई सम्झाई १-२ जनालाई गर्दै लास देखाउँदै गरेका थियौं।

त्यो बेलासम्म डेढ-दुई घण्टा नै बितिसकेको थियो होला। त्यसपछि मात्र आर्मी आइपुगे। उनीहरू खेतको बीचबाट दौडिंदै आए। उनीहरू आइसकेपछि सबैलाई हटाए। 'तपाईंहरू सब जानुस्' भन्दै घटनास्थल घेराबन्दी गरे। तर म त्यहाँबाट हटिनँ। हामी ३/४ जना थियौं, ती तीन-चारजनालाई पनि हटाए। मैले 'म यस्तो मान्छे हुँ, बिहानदेखि उद्धार कार्यमा छु' भनेपछि त्यहाँ रहन दिए। त्यसको केही समयपछि अर्को टोली पनि आइपुग्यो। त्यो टोली आइपुगेपछि उनीहरूले मलाई 'ल तपाईं पनि जानुस्' भने। मलाई त्यहाँबाट जान भनेपछि कल्याणपुर बजारतिर जान लाग्दा पुनः बोलाई बस्नू भने। 'यो सबै व्यवस्थापन गर्नु पर्‍यो। तपाईंले चिनेको चार/पाँच जनालाई बोलाइदिनुस्' भने। रेडक्रस सोसाइटीका अध्यक्ष, धौलागिरी युवा क्लबका साथीहरू समेतलाई बोलाए। त्यसबेला म सहित चार जना घटनास्थलमा आयौं। त्यस समयमा एउटा हेलिकप्टर पनि आयो। त्यसले क्यामरा बोकेका मान्छेलाई समेत छोड्यो। त्यो हेलिकोप्टर त्यत्तिकै फर्कियो। त्यसको आधा वा पौने घण्टामा दुई वटा हेलिकप्टर आइपुगे। हेलिकोप्टर आइसकेपछि आर्मीका लास आर्मी समेत भएर हेलिकप्टरमा राख्यौं। अनि हतियारको झोला अर्को हेलिकप्टरमा राखे। यसरी एउटामा लास र अर्कोमा हतियार लिएर गए। त्यसपछि सनाखत गर्ने काम शुरू भयो। लासहरू कपडाले ढाक्ने काम भयो। स्थानीय व्यक्तिहरूले सेतो कपडा किनेर ल्याउनु भयो। त्यो ओढाएर मार्कर पेनले सनाखत भएको लासहरूमा नाम लेख्ने काम गर्‍यौं। त्यही क्रममा अर्को हेलिकप्टर पनि आयो। त्यस हेलिकप्टरमा पत्रकार र प्रहरीहरू आएका थिए। प्रहरी आएपछि सनाखत भैसकेको लासको मुचुल्का उठाउने काम भयो। त्यति बेलासम्म ३२ वटा लासको सनाखत भैसकेको थियो। हामीले पहिला पठाएका चार जनाको अस्पतालमा मृत्यु भएको र त्यहीं मरेका ३२ जना समेत जम्मा ३६ जनाको मृत्यु भएको र सनाखत भएको थियो। तीन लास सेनाको रहेको र उनीहरूले लिएर गएको हुँदा घटनास्थलमा ३३ वटा लास रहेका थिए।

घटनास्थलको खाल्डोदेखि लगभग डेढ-दुई मिटर जति बिजुलीको रातो कालो तार बाहिर देखिएको थियो। त्यसपछि पुरिएको थियो। हामीले तान्ने कोसिस पनि गरेनौं। जब सेनाको दोस्रो टोली आइपुगे उनीहरूले तार छ कि छैन भनी हेर्दा तार भेटे। बस नजिकै एक-डेढ मिटर जति तार चुडेको थियो। सेनाले लगभग २५० देखि ३०० मिटर तार भेटेका थिए। तार घटनास्थलको उत्तरतर्फ फेला परेको थियो।

पाँच-छ महिना अघिको कुरा हो, बस व्यवसायी र आर्मीबीचको द्वन्द्वले गर्दा माडीका बसहरू बन्द भएका थिए। आर्मीहरू बिहानको पहिलो गाडीमा आउने र कहिले वसन्तपुर त कहिले कल्याणपुर झर्ने, अनि सर्च गरी साँझ बसमै फर्कने गर्दथे। यसै क्रममा माओवादीले सार्वजनिक गाडीमा आर्मीहरूलाई चढाए त्यस्ता गाडी चलाउन दिंदैनौ भनी



**विद्युतीय धराप विस्फोटनको लागि बिच्छ्याइएको तारको लागि खनिएको स्थान**

दबाब दिएको कुरा बाहिर आयो। लगभग चार-पाँच दिन जति सार्वजनिक गाडीहरू चल्न बन्द भए। त्यसपछि पनि आर्मीहरू सर्वजनिक गाडीमा चढिरहन्थे। उनीहरू हतियार सहित पनि चढ्ने गर्थे। कहिलेकाहीँ ड्रेस लगाएर पनि चढ्ने गर्थे। तर धेरैजसो सादा पोसाकमा हतियार सहित चढ्थे। माओवादीद्वारा यस भेगमा भएको यो सबै भन्दा ठूलो घटना हो।

'हाम्रो हतियार भएको कुरा नदेखा, हतियार जति सबै लुकाई राख, गाडीमा भएको हाम्रो यतिजना मान्छे परे भनेर पनि बाहिर नभन। हाम्रा विदामा आएका मान्छे एम्बुसमा परेका हुन् भनेर सबैसँग कुरा गर्नू' भनेर पटक पटक निर्देशन आइरहेको उनीहरूले बोकेको सञ्चार सेटबाट सुनिन्थ्यो।

सेना सार्वजनिक बसमा चढ्नाले नै यस्तो ठूलो दुर्घटना हुन पुगेको हो। घटनामै परेका आर्मीहरूसँग संक्षिप्त कुराकानी हुँदा उनीहरू वनकट्टा जान भनी हिंडेको स्वीकारेका थिए। त्यस्तो परिवेशमा माथिल्लो निकायले त्यो कुरा लुकाउन खोजिरहेको छ।

लासको प्रकृति अत्यन्त क्षत-विक्षत थियो। एउटा महिलाको खुट्टा मैले छुट्टै भेटें र त्यसमा लगाएको नङ पालिसका आधारमा लास पहिलै बाहिर राखेको महिलाको हो भनेर लाससँगै टुक्रिएको खुट्टा राखिदिएँ। अर्को महिलाको आन्द्रा निस्किएर तीन-चार मिटरसम्मै छरिएको थियो, त्यसलाई लठ्ठीले चलाएर एकै ठाउँमा ल्याइदिएँ। एउटा बच्चाको पुरा खुट्टै थिएन। कसैको अनुहार नचिनिने अवस्थामा थियो, कसैको हड्डी निस्केको, कसैको पछाडिको भाग बाहिर निस्केको अवस्थामा थियो।

**चित्रप्रसाद सुवेदी**
कल्याणपुर-४
प्रत्यक्षदर्शी तथा उद्धारकर्ता
सचिव, स्थानीय धौलागिरी युवा क्लब तथा शिक्षक, दिव्य कालिका बोर्डिङ्ग स्कूल

२३ गते बिहान स्कूलमा तेस्रो घण्टीको कक्षा पढाइरहेको अवस्थामा करिब आठ/सवा आठ विस्फोट भएको आवाज सुनें। आवाज सुनेर मैले पढाइरहेका विद्यार्थीहरू तर्सिए। त्यो घटनास्थलबाट मैले पढाएको स्कूलको दूरी करिब ३ सय मिटर छ। विष्फोटनले गर्दा कम्पन आयो र विद्यार्थीहरू तर्सिए। त्यसपछि हामी तुरून्त बाहिर निस्कियौं। हामी तुरून्तै त्यस ठाउँमा गयौं। बगइबाट बनकट्टा जान लागेको पहिलो बसमा विस्फोट गराइएको रहेछ। कतिपय मान्छेहरू छरपस्ट अवस्थामा १०-१५ मिटर परसम्म थिए। कतिपयले 'पानी पानी' भनिरहेका थिए। विष्फोटनमा परी कतिपयको खुट्टा थिएन भने कतिपयको टाउको थिएन। गिदी निस्किएको थियो। कुनैको एउटा पाखुरा, कुनैको हात नै थिएन। कसैको भुँडी निस्केको अवस्था थियो। कतिपय प्याक प्याक गरेर जीवनको अन्तिम अवस्थामा पुगेका थिए। साइकलमा वसन्तपुर फोन गर्न गयौं। फोन गरिसकेपछि हामी घटनास्थलतर्फ फर्कियौं। त्यतिबेलासम्म बरूवाको एम्बुलेन्स आइसकेको थियो। त्यसपछि घाइतेहरूलाई पठाउने कार्य भयो। बसभित्र रहेका घाइतेहरूलाई बाहिर तानेर उपचारका लागि पठायौं। लगभग दुई घण्टापछि मात्र कसराबाट आर्मीहरू दगुर्दै आए। घाइतेहरू मध्ये कसैलाई गाडामा, कसैलाई साइकलमा, कसैलाई ट्र्याक्टरमा वसन्तपुर उपस्वास्थ्य चौकीमा पठाइयो भने कसैलाई किर्तनपुर सामूहिक स्वास्थ्य चौकीमा पठायौं। बाँचेकामध्ये पनि कतिपय बेहोश थिए। छतमा बसेकामध्ये एक दुई जनालाई मात्र चोट लागेको र एक जना मात्र मरेको पायौं। गाडीको बीच भागमा विस्फोट भएको रहेछ। सुरक्षाफौज आएपछि भिडलाई नियन्त्रण गर्ने काम गऱ्यो। त्यसपछि लास निकाल्न म र रामप्रसाद न्यौपाने बसभित्र पस्यौं। कसैलाई हातमा समातेर कसैलाई खुट्टा समातेर बाहिर निकाल्यौं। कसैको भुँडी थिएन, कसैको मेरूदण्ड नै भाँचिएको थियो। कसैको शरीर छालाले मात्रै अड्केको थियो। लासहरू तानेर बाहिर निकालियो। लास निकाल्ने र सनाखत गर्ने कार्यमा स्थानीयवासीहरू निकै खट्नु भयो। लासलाई कात्रोको व्यवस्था धौलागिरी युवा क्लबका साथीहरूले गर्नुभयो।

घटना माओवादीले नै गराएको हुनुपर्छ। किनभने आजभन्दा ७/८ महिना अगाडि माओवादीले गाडीवालाहरूलाई गाडीमा आर्मीहरू चढाएको खण्डमा तिमीहरूको गाडी हामी उडाइदिन्छौं भनेका थिए। पछि यहाँका नागरिक समाजलाई तपाईहरू आर्मी चढेको गाडीमा चढ्नु भयो भने तपाईहरूको पनि ज्यानलाई खतरा पर्छ भनी धम्की दिएका थिए। आर्मीहरू बारम्बार बगईबाट पहिलो गाडीमा सर्चको लागि जाने र अन्तिम गाडीमा बनकट्टाबाट फर्कने गर्दथे।

घटनास्थलमा तीन जना सुरक्षाकर्मीको लास थियो। उनीहरूको झोलामा बन्दुकका म्यागिजन थिए। केही सुरक्षाकर्मी हतोत्साहित अवस्थामा छुट्टिएर बसेको अवस्थामा थिए। उनीहरू घटनास्थलबाट २०० मिटर पर थिए। उनीहरूले हतियार समाइराखेका थिए। उनीहरूका अनुसार उनीहरू १२ जना आएका थिए जसमध्ये तीन जनाको मृत्यु भैसकेको थियो। उनीहरू सादा पोसाकमा हतियार सहित थिए।

यहाँ यातायातका साधनहरू कम भएकोले गर्दा बसमा यात्रा गर्ने मानिसहरूको चाप बढी हुने गर्दछ। माडीबाट जाने पहिलो बस र भरतपुरबाट आउने पहिलो बसमा सधैं नै यस्तो भिड हुने गर्दछ।

सुरक्षाफौजको वाकीटकीमा भएको कुरा सुन्दा पहिला हतियार संरक्षण गर्ने, अनि आफ्नो मान्छे हेरचाह गर्ने भनिरहेको सुनिन्थ्यो।

**टिका कुमारी खत्री**
उद्धारकर्ता
धौलागिरी युवा क्लव
हामीले थाहा पाउने वित्तिकै हामी घटनास्थलबाट २/३ कि.मी. टाढा भएपनि हतार हतार घटनास्थलमा आयौं। साइकल, मोटर साइकल, गोरूगाडामा घाइतेहरूलाई हाली बसन्तपुरको हेल्थपोष्टमा पुर्‍यायौं। २ घण्टा पछि सुरक्षाफौज आई घटनास्थललाई घेराबन्दी गरी हामीलाई त्यहाँबाट १०० मिटर टाढा राखियो। सुरक्षाकर्मीहरू विदामा गएका भए हतियार बोक्दैन थिए होलान्।

**शनिचर माझी**
स्थानीय, प्रत्यक्षदर्शी
कल्याणपुर-४
म घर छेउमा धानको विऊ छर्न लागेको थिएँ। त्यत्तिखेर ठूलो आवाज आयो। त्यतातिर हेर्दा बसको पछाडिको भाग धेरै माथितर्फ उफ्रिएको थियो। घटनास्थलमा पुग्दा घाइतेहरू पानी पानी भनेर कराइरहेका थिए। त्यतिनै बेला मैले घैटामा पानी लिएर खुवाएँ। सादा पोसाकमा भएकाले को यात्रु को सेना चिन्न सकिएन। तर हतियारहरू भने देखेको थिएँ।

**सूर्य गुरूङ्ग**
प्रत्यक्षदर्शी
२३ गते बिहान करिब ७:४५ वा ८ बजेको थियो होला। बसले घटनास्थल नजिकैको कटेरो काट्ने बित्तिकै दुई जना युवक बेस्सरी खितिखिति हाँस्न थाले। किन हाँसेको भन्दा उत्तर दिएनन्। बाटोमा मान्छे भरिभराउ भएको बस कुदिरहेको देखें। एकैछिनमा ड्याङ्ग आवाज आएको सुने। टायर पड्केछ भन्ने लाग्यो। त्यता हेर्दा कपडा उडेको जस्तो




**विस्फोटमा मारिएका एक बालकको क्षतविक्षत लास**

लाग्यो। चिच्याहट र कोलाहालसुने। बालुवा र धुवाँले बाँदरेखोला ढाकिएको थियो। म डराएँ। त्यसपछि दिनानाथ दौडदैं आए। के भयो भने ? टायर, टायर भन्दै कुदे। पर खरबारीमा पुगेर बसे। नरेन्द्र तेलीले पानी दिए। त्यसपछि म पनि घटनास्थलमा पुगी उद्धार कार्यमा लागे।

**हरिकृष्ण अधिकारी**
प्रधानाध्यापक
विरेन्द्र रा.प्र.नि.मा.वि.
बिहानको पढाई भइरहेको थियो। ८ बजेको समय थियो। एक्कासी विस्फोटको आवाज आयो। सबै विद्यार्थीहरू तर्सिए। पियन र म घटनास्थलतिर लाग्यौं। हाम्रो स्कूलबाट घटनास्थल १०० मिटर मात्र टाढा थियो। जब हामी घटनास्थल पुग्यौं, त्यहाँ हारगुहार मात्रको स्थिति थियो। घाइतहरूको उद्धार कार्य शुरू गऱ्यौं। शुरूमा हामी जुनियर सर्कल, धौलागिरी युवा क्लब सबै मिलेर उद्धार गर्न थाल्यौं। पछि विद्यालयका विद्यार्थीहरू सबै घटनास्थलमा आइपुगे। स्थानीय बासिन्दाहरू मिलि गिलासमा पानी खुवाए।



**शिक्षण अस्पताल भरतपुरको आईसीयु वार्डमा उपचार गराइरहेका आशिष क्षेत्री (सञ्चार माध्यममा मृतक भनिएका)**

## बस चालक तथा उसको साथीको भनाइ

**बिक्रम महतो**
गाडी चालक
गर्दी गाविस-५
हामी ६ बजे बगईबाट हिँड्यौ। बस नं. ३२४५ शालिग्राम ट्राभल्स हो। अगाडिको नम्बर ७७९१ लेखिएको भए पनि नबुझिने भएकाले खासै फरक परेको थिएन। नम्बर लेखाउन भनेको त्यस्तै भयो। बगइबाट नै सुरक्षाकर्मी आएका थिए। कति जना थिए मलाई थाहा भएन। सादा पोसाकमा थिए। उनीहरूसँग सामान भए नभएको मैले ख्याल गरिन। अगाडि क्याबिनमा एक जना हुनुहुन्थ्यो। छतमा कति थिए ख्याल भएन। गाडीमा लगभग १ सय ५० जना जति मान्छे थिए। बाँदरमुडे खोलामा पुगेपछि एक्कासी विष्फोट भयो। विस्फोट हुँदा ड्याम्म आवाज आयो। त्यसपछि होस गायब भयो। केही थाहा भएन। मलाई मेरो साथी थिम नारायणले तानेर फ्याक्नु भएछ। पछि मात्र मलाई होस आयो।

**थिमनारायण चौधरी**
ड्राइभरको साथी
बस माडीको लास्ट स्टप गोविन्दवस्ती बगईबाट ६:०० बजे हिँड्यो। ६ बजे हामी उठ्नु भन्दा पहिला सुरक्षाकर्मी आइसकेका थिए। उनीहरू जुन गाडी रोटेशनमा पऱ्यो, त्यही गाडीमा जान्छन्। त्यहाँबाट हिंडेपछि खरकट्टा भन्ने ठाउँमा आएर दश मिनेट जति रोकेर चिया खायौं। त्यहाँबाट किर्तनपुर भन्ने ठाउँमा आएपछि मान्छे अलि बढी भए। कल्याणपुरको बाँदरमुढे भन्ने खोलाको पुलनिर आएपछि गाडी कोल्टे पऱ्यो। गाडी कोल्टे परेपछि एक्कासी विस्फोट भयो। विस्फोट भएपछि गाडी भासियो। गाडी भासिने बेला मैले भाइलाई सोधें- "भाइ तिम्रो गाडी के भो ? भन्दा उसले खै के भो थाहा नै भएन भन्यो। उसले बसबाट ओर्लन भन्यो। मैले झरौं भन्दा उसलाई होस थिएन। मैले उसको सर्टको कलर समातेर ढोकाबाट बाहिर फाल्दिएँ। विस्फोटको धुवाँले आमुने सामुने पनि देखिदैनथ्यो। म झर्दा मान्छे माथि टेकेछु। भाई माथि टेकेकि भनी हेर्दा भाइ त चार हातखुट्टा टेकेर अलि पर गइ राखेको थियो। समातेर उठाएँ। त्यो बेलासम्म उसलाई होश थिएन। उसलाई अलि पर लगेर राखें। बसन्तपुर बजारमा पुगेर सबैलाई खबर गरें। खबर गरेपछि कोही ट्रयाक्टर लिएर आए कोही गाडा लिएर आए। बसमा भएका ९० प्रतिशत मान्छे घाइते थिए।

त्यहाँ सुरक्षाकर्मी कति जना परे हामीलाई थाहा भएन। सुरक्षाकर्मीहरू एकापट्टी बसे। उनीहरू आफ्नै घाइते स्याहार्दै ठिक्क थे। त्यसपछि लगभग आधा घण्टा या पैंतालीस मिनेट पछि सुरक्षाकर्मी आइपुगेका थिए। त्यसपछि हामी त्यहाँ बस्न सकेनौ। आफैं त्यस घटनामा परेकाले  त्यहाँ बस्न अप्ठ्यारो भयो। हामी घर गयौं।

## घटनाको सम्बन्धमा यात्रु, घाइते, तथा मृत्यु र घाइते हुनेहरूका परिवारको भनाइ

**गंगाबहादुर गुरूङ्ग**

सकुशल यात्रु, अयोध्यापुरी गाविस-२ चितवन

म गोरू किन्न भनी घरबाट हिंडेको थिएँ। देवेन्द्रपुरबाट बसमा चढें। बसको पछाडि अन्तिम दोस्रो सिटमा बसेको थिएँ। बस गुडिरहेको थियो। बाँदरमुडे खोलामा प्रवेश गर्ने बित्तिकै बस सङ्लाङ्सिलिङ्ग भए जस्तो लाग्यो। म बेहोस भएछु। एकछिन पछि होसमा आएँ। वरपर लासहरू थिए। बस पूरै क्षतिग्रस्त थियो। लासहरू देख्दा कसैको टाउको थिएन, कसैको खुट्टा, हात थिएन। लासहरू क्षतविक्षत थिए। बसको दायाँ छेउमा ठूलो खाडल परेको थियो। मलाई कुनै चोट पटक लागेको छैन।

**कविता बडुवाल,**

(घाइते) कल्याणपुर गाविस-५

घटना हुने दिन त्यही गाडीमा म किर्तनपुरबाट भरतपुर जाँदै थिएँ। गाडीमा एकदम भिड थियो। म पछाडि ढोकामै थिएँ। भिडले गर्दा बीचमा छिर्छु भन्दाभन्दै छिर्न नसक्ने अवस्था थियो। गाडी रोक्दै रोक्दै यात्री चढाउँदै अघि गयो। बाँदरमुडे खोलामा ओर्लिने बेला पछाडिको चक्का घ्यार्र गर्‍यो। मैले सोचें-बालुवामा फस्यो होला, अब एकछिन नओर्लिहुँदैन। मैले यही कुरा छेउको साथीलाई भन्दै थिएँ, त्यत्तिकैमा ठूलो विष्फोट भयो अनि गाडी पुलभन्दा माथि उड्यो। थचारिएपछि बसका सिसाहरू फुटे। यसो हेरेको धुँवा निस्किरहेको थियो। मैले विष्फोट भएको सोचिनँ, टायर पड्केहोला भन्ने सोचें। अनि गाडीमा आगो लाग्न लागेछ क्या हो, अब झर्नु पर्छ भनी यसो पछाडि हेरेको त धुँवा निस्केको रहेछ। खतरा हुन लाग्यो भनी हाम फाल्न लागे थिएँ सिसाले घोंचेर मेरो टाउकोमा चोट लाग्यो। अलि अलि कान बन्द भएको छ। अहिले स्पष्ट सुन्दिनँ। भित्र हेर्दा सिटका केही यात्रुको टाउको  देखिनँ। यो त डर लाग्दो घटना भएछ। टायर पञ्चर मात्र होइन भन्ने ठानें। डरले काँप्दै थिएँ। सबैले 'तपाईंको रगत बगिरहेको छ, मेडिकल तिर जानुस्' भन्नुभयो। त्यसपछि मैले फर्केर पनि त्यतातिर हेरिनँ। के नियतले विष्फोट गराइयो, सर्वसाधारणलाई किन यस्तो गरियो ? यहाँ अरू सर्वसाधारण मानिसहरू पनि छन् धेरै क्षति हुन्छ भनेर किन सोचिएन ? विस्फोट माओवादीले गराएको भन्छन् तर खै कसले हो थाहा भएन। आवाज त ठूलै आएको थियो। त्यसको असरले होला कान पनि अझै बन्द छ। बालुवा उडिरहेको थियो। म बाहिर निस्कँदा केही मानिसहरू बाहिर छट्पटाइरहेका थिए। कसैले मेरो बाबु भनेका थिए, कसैले मेरो छोरा भनेका थिए। पुलमुनि छट्पटाइरहेका थिए।



**शिक्षण अस्पताल भरतपुरमा उपचार गराउादा गराउादै जेठ ३१ गते बिहान २:३० बजे मृत्यु भएकी डेढ वर्षीय अञ्जली सुवेदी**

**जगनमाया गुरूङ्ग**

(घाइते) कल्याणपुर गाविस-४, चितवन

घटना अपर्झटको कुरा भयो। गाडी चढेको १० मिनेटमा घटना भयो। आमालाई घरमा पुऱ्याउन जान लागेको थिएँ। आमा बसभित्र हुनुहन्थ्यो। म कल्याणपुर गाविस चोकबाट गाडी चढेकी थिएँ। मेरो घर पनि त्यहीं हो। बसमा सीट नभएकोले अघिल्लो भागमा उभिएको थिएँ। मान्छेहरू १ सय ५० भन्दा कम थिएनन् होला। बाटो अप्ठ्यारो भएकोले बस ढल्केको थियो। मेरो खुट्टा भाँचिएको रहेछ। म आमालाई झिक्न ६/७ मिटर चार हात खुट्टा टेकेर गएँ तर सकिन। पछि गाउँको मान्छे र आफ्नो मान्छे आएर मलाई गाडामा राखेर अस्पतालमा ल्याए। घटना किन गराइयो थाहा भएन। त्यस घटनामा मेरी ८० वर्षकी आमा श्रीमाया गुरूङ्गको मृत्यु भयो।

**गोमा अधिकारी**

कृष्णनगर गाविस-८, चितवन

(घाइते)

घटनाको बारेमा त्यति थाहा पाइएन, हेल्थपोष्टमा लगेर औषधी गरेपछि मात्रै थाहा पाएँ। म कृष्णनगरबाट पर्सा, खैरेनी आइरहेकी थिएँ। छोरी लक्ष्मी पौडेल, म र ४ महिनाकी नातिनी प्रतिमा थियौं। नातिनीलाई दुई हातमुनि बालुवा भित्रबाट एकजना महिलाले भेटाएर बुझाइदिइन्। म अगाडि ढोका नजिक थिएँ। छोरीलाई छातीमा चोट लाग्यो भन्थे अस्ती यहीं ल्याएर जचाँएँ। नातिनीलाई पनि खुट्टामा, छातीमा चोट लागेको छ।

**तिलबहादुर सुनार**

बेशीशहर, लमजुङ्ग

(घाइते)

म ससुराली गएर आउँदै थिएँ। खरकट्टाबाट बस चढेको थिएँ। बस चढेको पौने घण्टामा त्यो घटना भयो। म बसको भित्रै थिएँ। कसो भयो के भयो, थाहा पाइनँ, त्यतिखेर। पछि रूने-कराउने गरियो, त्यसपछि स्थानीय मानिसहरूले गाडामा चढाएर वसन्तपुरमा लगी औषधी उपचार गराए। त्यसपछि एम्बुलेन्समा भरतपुर अस्पतालमा ल्याएर उपचार हुँदैछ। विष्फोट हुनुभन्दा अगाडि केही थाहा नै पाइएन। घटना अचानक भयो। बसमा पछिल्लो तर्फबाट तेस्रो नम्बरको सिटमा बसेको थिएँ।

**शेषराज वाग्ले**

कल्याणपुर-२, रामेश्वर, चितवन

(घाइते)

बसको छतमा पछाडितर्फ बसेको थिएँ। त्यहाँ करिब ७० जना थिए। अचानक आगो र धुवाँ देखेपछि हामफालें। त्यसपछि मान्छेहरू ममाथि खसे। त्यही कारणले मलाई चोट लाग्यो। छतमा २ वटा बाख्राहरू पनि थिए।

**चन्द्रबहादुर महत**

(घाइते) माडी, अयोध्यापुरी-९, चितवन

म बसको भित्र ढोकाको सिधा ड्राइभर बस्ने सिटनेर बारभन्दा पछाडि थिएँ। म बिरामी कुरेर २/४ रात नसुतेको हुनाले देवेन्द्रपुरदेखि नै बसमा निदाएको थिएँ। मेरो निद्रा खुल्दा घटना भइसकेको थियो। पड्किसकेपछि आँखा खुल्दा बसमा कोही पनि थिएनन्। सबै मरेका मान्छे तानिसकेका थिए। अनि मैले 'मलाई पनि तान्देओ' भनेपछि ४-५ जानले तानेर बाहिर निकाले। मैले बसमा झोलामा बन्दुक भएका व्यक्तिहरू देखेको थिएँ। उनीहरूसँग पछाडि भिर्ने साना झोलाहरू थिए।

**सावित्री ढकाल**

(घाइते) कल्याणपुर-४, चितवन

म नागरिकताको कामले भरतपुर जाँदै थिएँ। म अगाडि ढोकाको प्यासेजमा उभिएको थिएँ। बस्ने ठाउँ थिएन। गाडी एकैचोटी सिधै माथि गयो, पछि थेचारियो। एकदमै धुवाँ भयो। धुवाँले आँखा पोलेर हेर्न पनि मिलेन, केही देखिएन।

छामेर ढोका पत्ता लगाएर घिस्रँदै बस बाहिर निस्कें। बाहिर निस्केर बालुवामा बसेपछि आफ्नो शरीरमा हेरें। हेर्दा खुट्टा भाँच्चिएर हड्डी बाहिर निस्किएको देखें। स्थानीय बासिन्दाले गाडामा हालेर बसन्तपुर स्वास्थ्य चौकी पुऱ्याए। पछि एम्बुलेन्समा राखी भरतपुर अस्पतालमा उपचारका लागि ल्याएका हुन्।

**सीता सुवेदी**

घाइते

मलाई टन्सिल भएकोले जँचाउनको लागि भरतपुर आउँदै थिएँ। घटना कसरी भयो थाहा पाउँदिन। म गाडीमा बीचतिर थिएँ। छोरी, श्रीमान् र म तीन जना थियौं। श्रीमान्लाई अहिले उपचारार्थ काठमाडौं लगिएको छ। छोरी यहीं ICU मा छ। यहीं आएपछि मेरो होश आएको हो। गाडीमा सेनाहरू थिए र एउटाले सानो बच्चालाई समाइरहेको थियो। उनीहरू सिभिल ड्रेसमा थिए र झोलामा हातहतियार बोकेका थिए। मेरो श्रीमान्को नाम आत्माराम सुवेदी हो। छोरी अन्जली सुवेदी हो। घटना किन भयो, मलाई केही थाहा भएन। *(निजको पतिको घटनास्थलमा नै मृत्यु भएको थियो )*

**मन कुमारी क्षेत्री**

(घाइते) अयोध्यापुरी-७ कृष्णनगर, चितवन

दुर्घटना भएको नै चाल पाइन। म गाडीमा ढोकाको छेउमा थिएँ। बच्चा काखमा थियो। झोला बोकेको सिपाही मेरै छेउमा थिए। मेरो छोरोलाई अप्ठ्यारो भएको देखेर उसको झोलामाथि बच्चालाई राख्यो। मैले 'त्यहाँ राख्दा पड्किंदैन ?' भनें। उसले 'पड्किंदैन' भन्यो। मेरो छोरा ३ वर्षको छ। उसको नाम आशिष क्षेत्री हो। उसको अहिले मेडिकल कलेज भरतपुरमा ICU मा उपचार भइरहेको छ। तर पत्रिका तथा सञ्चार माध्यमले मरेको भनेका छन्।

**दिलु भुषाल**

घाइते

भरतपुरमा बिरामी हेर्न आउँदै थिएँ। गाडीमा अत्यन्त भिड थियो। म ढोकाको छेउमा उभिएकी थिएँ। एकैचोटी ड्याम्म आवाज आयो। गाडी उडेजस्तो लाग्यो। म गाडीमा लडेछु। बिस्तारै लडेका मान्छेलाई टेकेर बाहिर निस्किएँ। गाउँकै एकजनाले साइकलमा राखेर दवाई (औषधि) गर्न लानु भयो। अहिले भरतपुर अस्पतालमा औषधी उपचार गराउँदै छु। अरू के-के भयो थाहा छैन।

**नेत्र रानाभाट**

बसका यात्रु तथा उद्धारकर्ता

आधा कि.मी. अगाडि कल्याणपुर जाने स्थानबाट भरतपुरमा अफिस जाँदै थिएँ। बस टनाटन भरिएकोले म छतमा चढें। छतमा सादा पोशाकमा रहेका सुरक्षाकर्मीले "यो नछोउ है पडकिन्छ" भन्यो। हतियार र गोलीहरू झोलामा रहेछ। बस ओरालो लाग्यो। त्यत्तिकैमा गाडीको टायर पड्केझैं भयो। गाडी माथितर्फ उफ्रियो। म चामलको बोरामा बसेको थिएँ एक्कासी तल भूईंमा खसें। म कत्तिपनि विचलित भइनँ। घटनास्थलको कहालीलाग्दो अवस्था देखेर आफूलाई संयमित पार्दै म तत्काल उद्धार कार्यतिर लागें। दर्दनाक, हृदयविदारक स्थिति देखेर तत्काल गोरूगाडामा राखेर बिरामीलाई स्थानीय हेल्थपोष्टमा लाने कार्य गऱ्यौं। आर्मीका हातहतियार छरपस्ट रूपमा भुइँभरी छरिएकोले तिनको समेत खोजिनीति गरी उनीहरूलाई नै दिने काम गरियो। हतियार प्वाल-प्वाल परेका देखिन्थे। सेना सकुशल भए पनि सघाउन खोजेनन्। हामीले नै घटनास्थलमा डोरी लगाएर स्थानलाई घेराबन्दी गऱ्यौं।

**निर्मल सापकोटा**

मृतक लक्ष्मी सापकोटाको पति

घटना भएको समय म काठमाडौंमा थिएँ। घटनाको जानकारी काठमाडौंमा पाएँ। त्यस घटनामा मेरी श्रीमती लक्ष्मी सापकोटा (वर्ष २४) र १८ महिनाको छोरा पनि परेको थियो तर श्रीमती र छोराको अवस्थाको बारेमा केही थाहा हुन सकेन। म काठमाडौंबाट गाउँ आएपछि त्यस घटनामा मेरी श्रमिती र छोराको पनि मृत्यु भएको थाहा भयो। मैले श्रीमतीलाई छोराको उपचारको लागि काठमाडौं बोलाएको थिएँ तर त्यस अबोध नाबालक र मेरी श्रीमतीको के दोष जसले विनाकारण ज्यान गुमाउनु पऱ्यो।

**चेतनारायण तिवारी**

मृतक जानुका तिवारीको पति

मेरी २१ वर्षीय श्रीमती जानुका तिवारी, २ वर्षीय छोरो रवीन तिवारी र ३२ वर्षीय भाउजु डम्बरकुमारी तिवारी, जानुकाको माइती जाने भनेर बिहान ६:३० बजे बस चढेका थिए। करिब सवा घण्टा पछि एक्कासी ठूलो आवाजमा केही पड्केको सुनियो। तर गाडी नै एम्बुसमा परेको भनेर हामीलाई लागेको थिएन। त्यसपछि गाउँमा यहाँबाट गएको बस एम्बुसमा पऱ्यो। धेरै नै मानिसको मृत्यु भएको र धेरै मात्रामा घाइते भएको खैलाबैला मच्चियो। यसपछि हामी गाउँलेहरू घटनास्थलमा आयौं। हामी आउँदा त घटनास्थलमा धेरै मानिसहरू जम्मा भइसकेका थिए। गाउँका मानिसहरूले उद्धार कार्य गर्दै थिए। घाइतेहरूलाई निकाल्दै नजिकैको स्वास्थ्य चौकी लगायत भरतपुरसम्म पनि लगिँदै थियो। म आफ्नी श्रीमती, छोरा र भाउजुको खोजीमा लागे। पहिले त मृतकहरू को-को हो भने छुट्याउनै सकिएन। कसैको हात थिएन, कसैको खुट्टा छुट्टिएको थियो भने कसेको आन्द्रा-भुँडी नै छरपस्ट थिए। केही समयपछि लुगाको आधारमा लासको पहिचान गरियो।

## प्रशासन तथा सुरक्षा निकायको भनाइ

**अजित थापा**

कर्णेल

पुरानो गोरख गण, कसरा, चितवन

बगई पोष्टबाट ७ जना, हाम्रा विदाका सुरक्षाकर्मी २०६२ जेठ २३ गते बिहान ६:३० बजे सार्वजनिक बसमा चढे। उनीहरूसँग आफ्नो सुरक्षाका लागि सिक्वीपी हतियार मात्र थियो। माडी क्षेत्रको कल्याणपुर गाविस वडा नं. ४ र १ को सीमानामा रहेको बाँदरमुडे खोलामा बस प्रवेश गर्दा माओवादीले थापेको विद्युतीय धराप विष्फोट भई हाम्रा ३ जना सुरक्षाकर्मी समेतको मृत्यु भयो। ४ जना घाइते भए। घाइते ४ जना सुरक्षाकर्मीसहित १६ जनालाई हेलिकप्टरबाट उपचारका लागि काठमाडौं लगियो। घटनास्थलमा पुगी हेर्दा, हाम्रो प्राविधिकका अनुसार, सल्फर मिक्स्चरको १० के.जी. जतिको फलामको बाल्टिन बम विष्फोट भएको हो। घटनास्थलबाट २०० मिटर उत्तरसम्म बिजुलीको रातो कालो बटारिएको तार थियो। घटनास्थलबाट १०० मिटरको दूरीसम्म जमीनमा तार पुरिएको थियो। माओवादीले सुरक्षाकर्मीलाई निशाना गरी विष्फोट गराएको भए त्यति धेरै सर्वसाधारण नागरिक भएको सार्वजनिक बसमा विष्फोट गराउनु हुँदैनथ्यो। हाम्रा ७ जना (विदा स्वीकृत भएको सञ्चारको कागज देखाउँदै) सुरक्षाकर्मी विदामा जान लागेका थिए। सुरक्षाकर्मी सार्वजनिक गाडीमा हिंड्न कुनै रोकतोक छैन। सार्वजनिक गाडीमा हिड्न नहुने हो भने त्यस्तो कानून चाहियो। अलग गाडी र अलग बाटो चाहियो।

**नरेन्द्रराज पौडेल**

प्रमुख जिल्ला अधिकारी, चितवन

माओवादीले सर्वसाधारण जनतालाई तर्साउने, उनीहरूलाई लक्षित गरी यो घटना घटाए। यसमा ठूलो मानवीय क्षति भएको छ। ७२ जना घाइते, ३८ जना मरेका त्यसमा पनि ६ जना बालबालिका रहेका छन्। हामीले सबै घाइतेको उपचार निःशुल्क गरिरहेका छौं। जनतालाई तर्साउन माओवादीले यति ठूलो जघन्य अपराध गरे। भर्खर मात्र क्षेत्रीय



**क्षतिग्रस्त बसको करिब तीन मिटर दक्षिणतिर अन्दाजी ९-१० वर्षीय बच्चाको क्षतविक्षत अवस्थामा रहेको लासको हात र खुट्टा करिब दुई फिटको गहिराइमा पुरिएको अवस्थामा**

प्रशासकले घाइतेको उपचारको लागि १,५०,०००/- रकम दिनु भएको छ। उक्त बसमा १५ जना सुरक्षाफौज थिए। सबैको साथमा हातहतियार थियो। तर सबै जना सादा पोसाकमा थिए। ७ जना गाडी चढे, ८ जना अर्को गाडी पर्खिरहेका थिए। ७ जना चढेकोमा ३ जना मरे, ४ जना घाइते भए। उनीहरूको अहिले उपचार भइरहेको छ। मलाई अरू थाहा छैन।

## राजनीतिक पार्टी तथा नागरिक समाजको भनाइ

**विजय सुवेदी**
सचिव, नेकपा एमाले, चितवन
राजनीतिक पार्टीहरूले यस घटनाको भर्त्सना गरेका छन्। यस्ता घटनाकर्ताहरूलाई दुरूत्साहित गरिनु पर्छ। माओवादीद्वारा सुरक्षाकर्मीलाई गाडीमा नचढाउन बस व्यवसायीहरूलाई धम्की दिइरहेको अवस्थामा सेनाले सार्वजनिक गाडी प्रयोग नगरेको भए राम्रो हुन्थ्यो। यत्रो घटना हुने थिएन। सुरक्षाकर्मी चढेकै निहुँमा मात्र माओवादीले सर्वसाधारणमाथि यत्रो ठूलो आक्रमण गर्न नहुने थियो।

**ठाकुर प्रसाद ढकाल**
अध्यक्ष, जनमोर्चा नेपाल, चितवन
गत वर्षको भदौमा माओवादीहरूले 'सुरक्षाकर्मीलाई बसमा चढाएमा गाडी ध्वस्त गरिदिन्छौं" भनी धम्की दिएका थिए, जसको कारण ४ दिनसम्म गाडीको सञ्चालन बन्द भएको थियो। तर सेनाले "हामीलाई बोक्नैपर्छ, हामीसँग सर्चमा जान गाडी छैन" भनी दबाब दिएका थिए। चितवनमा माओवादीका घटना बढ्दै गइरहेका छन् र सेनाको तर्फबाट सुरक्षा दिने कार्यमा चासो नरहेको देखिएको छ।

**चेतबहादुर भट्टराई**
राप्रपा, चितवन
माओवादीले आफूलाई विद्रोही शक्तिको रूपमा स्थापित गर्दै आइरहेका छन्। तर यस घटनापछि माओवादीहरू राजनीतिक विद्रोही हुन की होइनन् भन्ने प्रश्न खडा गरेको छ। माओवादीहरूले जनताको स्वतन्त्र रूपमा हिंडडुल गर्न पाउने अधिकारमाथि हस्तक्षेप गरेका छन्। त्यसैगरी सरकारले घाइतेहरूको उपचारमा ढिलासुस्ती गरेकोमा जनगुनासो छ। त्यसैगरी सुरक्षाकर्मीद्वारा पत्रकारलाई निश्चित समयसम्म घटनास्थलमा जान दिइएन, जसले गर्दा सूचना जनताको पाउने अधिकार हनन गरिएको छ।

**जनक अर्याल**
सभापति, नेपाल पत्रकार महासंघ, चितवन
यस घटनाभन्दा पहिलेदेखि नै सैनिकले सार्वजनिक गाडीमा प्रयोग गरी सर्वसाधारणलाई मानव ढाल बनाइरहेको गुनासो गरेका थिए। तर जे भए तापनि माओवादीहरूले यो जघन्य अपराध गरेका हुन्।

**चिन्तामणि पौडेल**
सम्वाददाता, अन्नपूर्ण पोष्ट दैनिक, चितवन
माडीमा भएको घटनामा घटनास्थलमा प्रवेश गर्न मानवअधिकारकर्मी तथा पत्रकारहरूलाई पनि सेनाद्वारा रोकियो। बसमा १२ जना सेना त के, ५० जना सेना भए पनि यस किसिमको बर्बरतापूर्ण कार्य गर्नु हुँदैन। यसको जिम्मेवारी सम्बन्धित पक्षले लिनु पर्दछ।

**भगवतशरण न्यौपाने**
मावन अधिकार संरक्षण मञ्च, चितवन
घटना भएपछि विज्ञप्ति निकाल्ने परम्पराले मात्र केही हुनेवाला छैन। जनताले माओवादीलाई विद्रोहीसम्मको दर्जा दिएका छन्। तर सरकारले आतंककारीको संज्ञा दिइसकेको छ। अब वास्तवमै जनताले पनि माओवादीलाई आतंककारीको संज्ञा दिने बेला भइसकेको छ।

**धर्मराज आचार्य**

अध्यक्ष, नेपाल बार एसोसिएन, चितवन

यो घटना अति दु:खदायी र निन्दनीय हो। यस्तो घटना दोहोरिनु हुँदैन। मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका तर्फबाट पनि यो घटना अति नै निन्दनीय छ। राज्यले घाइतेहरूलाई उचित उपचारको व्यवस्था मिलाउनु पर्छ।

## निष्कर्ष तथा सुझावहरू

घटनाका सम्बन्धमा प्रकाशित सामग्री, स्थलगत अध्ययन र घाइते, उद्धारकर्ता, प्रत्यक्षदर्शी, मृतक तथा घाइतेका आफन्त, स्थानीय नागरिक समाज तथा मानवअधिकार संघसंस्था, राजनैतिक दल, उपचारमा संलग्न स्वास्थ्यकर्मी, घटनास्थलमा पुगेका पत्रकार, सुरक्षा निकाय र स्थानीय प्रशासनसँग गरेको भेटघाट तथा कुराकानी समेतका आधारमा तथ्य सङ्कलन टोली निम्न निष्कर्षमा पुगेको छ :

स्थानीयवासीका अनुसार करिब पाँच महिना अघि माओवादीले सार्वजनिक गाडीमा सुरक्षाकर्मीलाई नबोक्न र बोकेमा जे पनि गर्न सकिने चेतावनी गाडी धनीहरूलाई दिएका थिए। माओवादीको धम्कीकै कारण त्यो बेला चार-पाँच दिन बस सञ्चालन बन्द भएको थियो। २०६२ जेठ २३ गते बिहान सर्वसाधारण चढ्नु भन्दा पहिले नै सुरक्षाकर्मीहरू सादा पोसाकमा झोलामा हतियारसहित बसमा चढे। थप सर्वसाधारण यात्रुहरूसमेत करिब ६:३० बजेतिर बस अयोध्यापुरीको बगईबाट बनकट्टाका लागि प्रस्थान गऱ्यो। खरकट्टामा केही बेर रोकिई चिया खाई कल्याणपुर गाविस वडा नं. ४ को कीर्तनपुरमा आइपुगेपछि बसको छत र भित्र यात्रुहरू खचाखच भरिए। बस कल्यानपुर वडा नं. ४ र १ को सीमानामा पर्ने बाँदरमुडे खोलामा प्रवेश गर्नासाथ विद्युतीय धराप विस्फोट भयो। विस्फोटनबाट बस क्षतविक्षत भई घटनास्थलमै तीन जना सुरक्षाकर्मीसहित ३२ जना, उपचारार्थ वसन्तपुर स्वास्थ्य चौकीमा पुऱ्याइएका चारजना र उपचारका लागि भरतपुर अस्पतालमा पुऱ्याइएकी एकजना महिलाको जेठ २३ गते नै मृत्यु भयो। त्यसैगरी मेडिकल कलेज भरतपुरमा आईसीयुमा राखिएकी डेढ वर्षीया एक बालिकाको जेठ ३१ गते बिहान मृत्यु भयो। यसरी उक्त घटनामा जम्मा ३५ जना सर्वसाधारण र तीनजना सुरक्षाकर्मीसमेत ३८ जनाको मृत्यु भयो। मृत्यु हुनेमा महिला १६ जना, पुरुष १५ जना र बालबालिका सातजना थिए। यस बाहेक चारजना सुरक्षाकर्मीसहित ३७ जना गंभीर घाइते भए। घाइतेमध्ये अधिकांशको अङ्गभङ्ग भएको पाइयो। स्थानीय जनताले घाइतेहरूको उद्धार कार्य गरेका थिए। लासहरू निकाल्दा बसमा म्याग्जिनसहितका दुई वटा झोला र आठ वटा प्वालै प्वाल भएको हतियार भेटिएको पनि प्रत्यक्षदर्शी तथा उद्धारकर्ताले बताए।

माओवादीका अध्यक्ष प्रचण्डले २४ गते नै विज्ञप्ती जारी गरी घटनाको जिम्मेवारी लिएको र पार्टीको नीति विपरीत घटना हुन गएको बताउँदै आत्मालोचना गरेको हुनाले उक्त घटनामा माओवादीको हात रहेको स्पष्ट छ। माओवादीद्वारा यात्रुवाहक सवारीसाधनलाई आक्रमणको निशाना बनाइएको यो नै पहिलो घटना होइन। यस्ता घटना विगतमा पनि भएका तथ्य अभिलेखमा सुरक्षित छ। व्यापक निन्दा र विरोध आउने प्राय: सबै घटनापछि माओवादी पक्षले आफ्नो गल्ती स्वीकार्दै भविष्यमा यस्तो नहुने आवश्वासन दिने गरेको थियो। यस पृष्ठभूमिमा चितवन घटनापछि नेकपा (माओवादी)का अध्यक्ष प्रचण्डद्वारा जेठ २४ गते जारी विज्ञप्तिमार्फत् गरिएको आत्मालोचनालाई मानवअधिकारप्रतिको ठोस प्रतिबद्धता मान्न सकिने अवस्था छैन। चितवनपछि काभ्रेमा जेठ २७ गते शुक्रवार भएको घटनालाई समेत ख्याल राख्दा हालसम्मको स्थितिमा मानवअधिकार र मानवीय कानूनप्रति माओवादीले ओठे प्रतिबद्धता मात्र व्यक्त गरेको भन्नु पर्ने हुन्छ।

सार्वजनिक बसलाई आक्रमणको निसाना बनाउनु माओवादीको पूर्णत: गैर-जिम्मेवारीपन देखिन्छ। माओवादीको उक्त कार्य मानवता विरूद्धको अपराध हो। यो घटनामा राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय मानवअधिकार र मानवीय कानूनको पूरै उल्लंघन भएको छ।

माओवादीले लडाइँमा संलग्न नरहेका सर्वसधारण नागरिक समेतलाई लक्षित गरी गैरसैनिक नागरिकउपर जीवन तथा शरीर विरूद्ध हिंसा गर्ने कार्य गरेकाले त्यस्ता कार्य निषेधित गर्ने जेनेभा महासन्धिको साझा धारा ३ को पूर्ण रूपमा उल्लंघन गरेका छन्। साथै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३, नागरिक तथा राजनैतिक

अधिकार सम्बन्धी अन्तरार्ष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा ६ तथा नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (१) अर्न्तगत प्रत्याभूत बाँच्न पाउँने अधिकारको व्यापक उल्लङ्घन भएको छ।

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति अब उप्रान्त यस्ता नृशंस र अमानवीय आपराधिक कार्य नदोहोऱ्याउन माओवादीलाई आग्रह गर्दछ। मानवअधिकार तथा मानवीय कानूनप्रति ओठे प्रतिबद्धतामात्र नभई त्यसको व्यावहारिक रूपमा पुष्टि गर्न माओवादी पक्षलाई हाम्रो आग्रह छ।

घटनामा संलग्न "जनमुक्ति सेनाका सैनिक टुकडी" र त्यस कार्यमा प्रत्यक्ष निर्देशन गर्ने पार्टी नेतृत्वसमेतलाई तत्काल निलम्बन गरिएको र छानबीन गरी सत्य तथ्य छिट्टै जनसमक्ष सार्वजनिक गर्ने बताइएको भए तापनि त्यस आश्वासनप्रतिको विश्वसनीयता शङ्काको घेरा भन्दा बाहिर छैन। माओवादी नेतृत्वले घटनामा संलग्न कस-कसलाई के-के कारबाही गरियो र छानबीनको निष्कर्ष के आयो भन्ने कुरा तत्काल सार्वजनिक गर्नु पर्छ। साथै, भविष्यमा यस्तो घटनामा दोषी पाइएमा त्यस्ता अराजक कार्यकर्तालाई पार्टीले कस्तो कार्बाही गर्ने भन्ने स्पष्ट नीति निर्धारण गरी सार्वजनिक गर्नु पर्दछ।

उक्त घटनाका सन्दर्भमा सुरक्षाफौजको भूमिका बारेमा घटना पछि घाइतेको उद्धार कार्यमा सुरक्षा निकायको सक्रियता कम रहेको जनगुनासो पाइयो। अस्पताल भर्ना भई उपचार गराइरहेका घाइतेको उपचारमा सरकारी निकायले २६ गते देखि मात्र चासो देखाएको पाइयो।

सुरक्षाफौज र माओवादी दुवै पक्षले युद्धको जस्तोसुकै अवस्थामा पनि सर्वसाधारण र हतियारधारी तथा सैनिक उद्देश्य र गैर-सैनिक उद्देश्यबीचमा फरक छुट्याउनै पर्नेमा जोड दिन चाहन्छौं।

मानवता विरूद्धका यस्ता अपराध गर्ने अपराधीलाई रोम विधान १९९८ (Rome Statute of The International Criminal Court 1998) अनुसार स्थापित अन्तर्राष्ट्रिय फौजदारी अदालतबाट अन्तर्राष्ट्रिय रूपमै सजाय गराउनका लागि तत्काल रोम विधान अनुमोदन गर्न सरकारसँग अनुरोध गर्दछौं। सर्वसाधारण नागरिकलाई निसाना बनाउने र आतङ्क फैलाउने हिंसात्मक कार्यहरू भइरहेकाले त्यस्ता कार्य रोक्ने जेनेभा महासन्धिको दोश्रो आलेख पनि सरकारले तत्काल अनुमोदन गर्न आवश्यक देखिन्छ। यस दिशामा अग्रसर हुन सरकारलाई आग्रह गर्दछौं।

अनुसुची–१

## घटनाका सम्बन्धमा तथ्य संकलन टोलीले भेटेका र कुराकानी गरिएका व्यक्तिहरू

**१. घाइतेहरू**

| क्र.स. | नाम |
|---|---|
| १. | पुजा गुरूङ्ग |
| २. | मन कुमारी क्षेत्री |
| ३. | सिता सुवेदी |
| ४. | जगनमाया गुरूङ्ग |
| ५. | गोमा अधिकारी |
| ६. | तिलबहादुर सुनार |
| ७. | शेषराज वाग्ले |
| ८. | चन्द्रबहादुर महत |
| ९. | सावित्री ढकाल |
| १०. | कविता बडुवाल |
| ११. | नेत्र रानाभाट |

**२. प्रत्यक्षदर्शी तथा उद्धारकार्यमा संलग्न व्यक्तिहरू**

| क्र.स. | नाम | संस्था |
|---|---|---|
| १. | रामप्रसाद न्यौपाने | मानवअधिकार एलायन्स |
| २. | टिकाकुमारी खत्री | धवलागिरी युवा क्लब |
| ३. | चित्रप्रसाद सुवेदी | ,, |
| ४. | शनिचर माझी | |
| ५. | हरिकृष्ण अधिकारी | प्र.अ. वीरेन्द्र निमावि |
| ६. | सूर्य गुरूङ्ग | स्थानीय बासिन्दा |
| ७. | विक्रम महतो | गाडी चालक |
| ८. | थिमनारायण चौधरी | गाडी चालकको साथी |
| ९. | नेत्र रानाभाट | सकुशल यात्रु, उद्धारकर्ता |

**३. घाइते र मृतकका परिवार तथा आफन्तहरू**

| क्र. स. | नाम | नाता |
|---|---|---|
| १. | निर्मल सापकोटा | मृतक लक्ष्मी सापकोटाको पति |
| २. | चेतनारायण तिवारी | मृतक जानुका तिवारीको पति |
| ३. | पदमपाणि अधिकारी | घाइते साबित्री ढकालको कुरूवा |
| ४. | तोयानाथ भट्टराई | ६ जना मृतकको आफन्त |

४. **सुरक्षा निकाय तथा स्थानीय प्रशासन**

| **क्र. स.** | **नाम** | **पद** | **निकाय** |
|---|---|---|---|
| १ | अजित थापा | कर्णेल | पुरानो गोरख गण, कसरा, चितवन |
| २ | नरेन्द्रराज पौडेल | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, चितवन |

५. **नागरिक समाज, राजनीतिक दल तथा स्थानीय मानवअधिकार संघसंस्थाका व्यक्तिहरू**

| **क्र.स.** | **नाम** | **संस्था** |
|---|---|---|
| १. | रामप्रसाद न्यौपाने | एलायन्स नेपाल/गै.स.स. समन्वय समिति, चितवन |
| २. | लक्ष्मीकान्त शर्मा | के.स., मानवअधिकार संरक्षण मंच,नेपाल |
| ३. | कपिल ज्ञवाली | मानवअधिकार संरक्षण मंच |
| ४. | केशवप्रसाद रेग्मी | युवा समाज नेपाल |
| ५. | बद्री अधिकारी | दियालो परिवार नारायणगढ |
| ६. | सूर्यबहादुर बोहरा | रिलेक नेपाल |
| ७. | रमाकान्त सापकोटा | नेपाल राष्ट्रिय शिक्षक संगठन |
| ८. | दिनेश कोईराला | नेपाल जेसिस |
| ९. | बालकृष्ण पौडेल | नेमाधिसं |
| १०. | चेतबहादुर भट्टराई | राप्रपा |
| ११. | बैकुण्ठराज पौडेल | नेपाल ट्रेड युनियन |
| १२. | ईश्वरप्रसाद पौडेल | ने.का. |
| १३. | हरिप्रसाद आचार्य | नेपाल शिक्षक युनियन |
| १४. | अरूणपीडित भण्डारी | मानवअधिकार संरक्षण मञ्च |
| १५. | डा. भिमराज अधिकारी | नेमाधिसं |
| १६. | ठाकुरप्रसाद ढकाल | जनमोर्चा नेपाल |
| १७. | विजय सुवेदी | नेकपा एमाले |
| १८. | रामबाबु सुवेदी | वर्गिकृत दैनिक |
| १९. | बिलबहादुर अधिकारी | ,, |
| २०. | जीवनाथ पराजुली | नेपाल रा.शि.संगठन |
| २१. | भागवतशरण न्यौपाने | मानवअधिकार संरक्षण मंच |
| २२. | प्रशान्त ढुंगाना | रिलेक नेपाल |
| २३. | विष्णु छिमेक | नेपाल पत्रकार महासंघ |
| २४. | चिन्तामणि पौडेल | अन्नपूर्ण पोष्ट |
| २५. | जनक अर्याल | नेपाल पत्रकार महासंघ |
| २६. | माया सुवेदी | जे एम सी नेपाल |
| २७. | धर्मराज आचार्य | नेपाल बार एसोसिएसन |
| २८. | लक्ष्मण रेग्मी | नेपाल शिक्षक संघ |
| २९. | होमनाथ न्यौपाने | सह सम्पादक, वर्गिकृत दैनिक |
| ३०. | रमेश पौडेल | नेपाल पत्रकार महासंघ |
| ३१. | मुकुन्दराज दहाल | प्रतिनिधि, इन्सेक मानवअधिकार वर्ष पुस्तक, चितवन |

**६. उपचार कार्यमा संलग्न चिकित्सक तथा कर्मचारीहरू**

| **क्र.स.** | **नाम** | **पद** | **अस्पताल** |
|---|---|---|---|
| १. | डा. भि.ए. नटराज प्रसाद | निर्देशक | मेडिकल कलेज भरतपुर, चितवन |
| २. | डा. हरेश न्यौपाने | | ,, |
| ३. | डा. दिलबहादुर के.सी. | मेडिकल सुपरिटेन्डेन्ट | भरतपुर अस्पताल, चितवन |
| ४. | डा. प्रकाश खतिवडा | लास पोष्टमार्टममा संलग्न | ,, |
| ५. | डा. ईश्वरचन्द्र घिमिरे | | ,, |
| ६. | निर्मला पौडेल | वार्ड ईन्चार्ज | ,, |

**अनुसुचि २**

**मृतकहरूको नामावली**

| क्र.सं. | नाम | ठेगाना | उमेर | लिङ्ग |
|---|---|---|---|---|
| १. | फुर्के पुन | अयोध्यापुरी-६, चितवन | ३६ | पु |
| २. | सुमन सेन ठकुरी | हर्कपुर, नवलपरासी | २६ | ,, |
| ३. | निश्चल सापकोटा | कल्याणपुर-५, चितवन | १८महिना | पु |
| ४. | रामचन्द्र सुवेदी | कल्याणपुर-५, चितवन | ५० | पु |
| ५. | दिपा लम्साल | चन्द्रगढी, झापा | ८ | म |
| ६. | दिपीका लम्साल | चन्द्रगढी, झापा | ६ | ,, |
| ७. | गंगा लम्साल | चन्द्रगढी, झापा | २५ | ,, |
| ८. | विष्णु घिमिरे | चन्द्रगढी, झापा | ३० | पु |
| ९. | दिनेश लम्साल | चन्द्रगढी, झापा | ३५ | पु |
| १०. | शुभलक्ष्मी भण्डारी | गैंडाकोट-१, नवलपरासी | | म |
| ११. | विष्णुमाया दुरा | अयोध्यापुरी-९, चितवन | ४५ | म |
| १२. | जानुका तिवारी (गर्भवती) | कल्याणपुर-७, चितवन | २१ | म |
| १३. | सीता न्यौपाने | अयोध्यापुरी-६, चितवन | ३० | म |
| १४. | रवीन तिवारी | कल्याणपुर-७, चितवन | २ | पु |
| १५. | डम्बर कुमारी तिवारी | कल्याणपुर-७, चितवन | ३२ | म |
| १६. | रमेश श्रेष्ठ | अयोध्यापुरी-६, खरकट्टा, चितवन | ३६ | पु |
| १७. | सानुमाया बोट | अयोध्यापुरी-८, कृष्णनगर, चितवन | ३५ | म |
| १८. | मिना बोट | अयोध्यापुरी, बाह्रघरे (ठोरी), चितवन | २८ | म |
| १९. | खुमादेवी पौडेल | सिखौली, नवलपरासी | ४० | म |
| २०. | यज्ञराज पौडेल | नवलपरासी | ५० | पु |
| २१. | चन्द्र बहादुर विष्ट | तनहुँ | ४५ | पु |
| २२. | दिल बहादुर सुनार | कल्याणपुर-४। चितवन | ४५ | पु |
| २३. | मिना भण्डारी | कल्याणपुर-५, चितवन | ३० | म |
| २४. | आत्माराम सुवेदी | अयोध्यापुरी, गणेशकुञ्ज, चितवन | ३४ | पु |
| २५. | चमु नारायण श्रेष्ठ | अयोध्यापुरी-५, चितवन | ३५ | पु |
| २६. | लक्ष्मी सापकोटा | कल्याणपुर-५, चितवन | २४ | म |
| २७. | मिना गुरूङ्ग | अयोध्यापुरी, चितवन | ४० | म |
| २८. | मिठु कार्की | पोखरा, कास्की | ४० | म |
| २९. | मिठुको छोरा | पोखरा, कास्की | ४ | पु |
| ३०. | मिना प्रजा | अयोध्यापुरी-६, चितवन | ३० | म |
| ३१. | रेणु ज्ञवाली | अयोध्यापुरी (भरतपुर अस्पतालमा ल्याएपछि मृत्यु भएको), चितवन | | म |
| ३२. | आशिष वराली | अयोध्यापुरी, चितवन | २ | पु |
| ३३. | रवीन्द्र चौधरी | अयोध्यापुरी-५, चितवन | ३५ | पु |
| ३४. | भुवनसिंह गुरूङ्गको सासु | कल्याणपुर, चितवन | ५० | म |
| ३५. | प्युठ टंकबहादुर थापामगर | सैनिक | | पु |
| ३६. | सिपाही धनबहादुर आलेमगर | सैनिक | | पु |
| ३७. | पदमबहादुर घर्तीमगर | सैनिक | | पु |
| ३८. | अञ्जली सुवेदी | कल्याणपुर-५, चितवन (मेडकल कलेज भरतपुरमा आईसीयुमा उपचार हुँदाहुँदै जेठ ३१ गते बिहान २:३० बजे मृत्यु भएको) | | म |

महिला १६, पुरूष १५ र बालबालिका ७ जम्मा ३८

**अनुसुची-३**

**भरतपुर अस्पतालमा उपचारका लागि भर्ना भएका**

| क्र.सं. | नाम | वर्ष | कैफियत | लिङ्ग |
|---|---|---|---|---|
| १. | आशिष क्षेत्री | ५ | मेडिकल कलेज, भरतपुरमा गएको (मृत्यु भएको भनी सार्वजनिक भएको) | पु. |
| २. | शेषराज वाग्ले | १७ | *उपचार भइरहेको* | ,, |
| ३. | नारायण पौडेल | ५२ | उपचारपछि घर गएको | ,, |
| ४. | पुजा गुरूङ्ग | १८ | *उपचार भइरहेको* | म. |
| ५. | गीता पोखरेल | २२ | काठमाडौं रिफर गरिएको | ,, |
| ६. | धनमाया पौडेल | ४० | *उपचार भइरहेको* | ,, |
| ७. | चन्द्र ब. महतो | ४५ | *उपचार भइरहेको* | पु. |
| ८. | मन कुमारी क्षेत्री | ४५ | मेडिकल कलेज भरतपुरमा गएको | म. |
| ९. | हरिकला पुन | ३४ | *उपचार भइरहेको* | ,, |
| १०. | अञ्जली सुवेदी | ३ | मेडिकल कलेज भरतपुरमा गएको | ,, |
| ११. | सूर्य ब. गुरूङ्ग | २० | डिस्चार्ज भएको | पु. |
| १२. | कुम ब. गुरूङ्ग | ६२ | डिस्चार्ज भएको | ,, |
| १३. | सुस्मीता वि.क. | १ | उपचार भइरहेको | म. |
| १४. | विवेक वराली | ५ | डिस्चार्ज भएको | पु. |
| १५. | राजु प्रजा | २३ | डिस्चार्ज भएको | ,, |
| १६. | जगन माया गुरूङ्ग | ४५ | *उपचार भइरहेको* | म. |
| १७. | तिलक ब. सुएल | ५४ | ,, | पु. |
| १८. | विष्णु वि.क. |  | ,, | ,, |
| १९. | गोमा अधिकारी | ४५ | ,, | म. |
| २०. | सीता सुवेदी | २७ | मेडिकल कलेज भरतपुरमा गएको | ,, |
| २१. | भानुभक्त आचार्य | ४० | डिस्चार्ज भएको | पु. |
| २२. | सावित्री ढकाल | २२ | *उपचार भइरहेको* | म. |
| २३. | डिलु भुषाल | २८ | २६ गते भर्ना हुन आएको, *उपचार भइरहेको* | ,, |

**मेडिकल कलेजमा उपचारका लागि भर्ना भएका**

| क्र.सं. | नाम | वर्ष | कैफियत | लिङ्ग |
|---|---|---|---|---|
| १. | मनकुमारी क्षेत्री | ३२ | उपचार भइरहेको | म. |
| २. | पूजा गुरूङ्ग | १४ | " " | ,, |
| ३. | आशिष क्षेत्री | ५ | ICU मा उपचार भइरहेको | पु. |
| ४. | सीता सुवेदी | २७ | ICU मा उपचार भइरहेको | ,, |
| ५. | मैना लामिछाने |  | डिस्चार्ज | ,, |

- जम्मा २३ जना (९ पुरूष, ११ महिला र बालबालिका ३)
- १४ जना वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार भइरहेको छ।
- अस्पताल भर्ना भएका कूल जम्मा घाइते ३७ जना।

**वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार गराइरहेका व्यक्तिहरुको नामावली**

१. पुर्ण बहादुर जि सी
२. श्रीमती दुर्गामाया मगर
३. यम कुमार सुवेदी
४. लाल सिंह थाम
५. कृष्ण अधिकारी
६. श्रीमती अम्बीका अधिकारी
७. श्रीमती कोपीला अधिकारी
८. नेत्र बहादुर गुरुङ्ग
९. कृष्ण पोखरेल
१०. गुञ्ज श्रेष्ठ
११. सागर सुवेदी
१२. नरहरी सापकोटा
१३. श्रीमती गिता पोखरेल
१४. मदन काफ्ले

अनुसुची-४

**जिल्ला प्रंशासन कार्यालय चितवनद्वारा उपलब्ध गराईएको घाईते तथा मृतकको नामावली**

श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ ०५६ ५२०१०५
०५६ ५२०१९८
०५६ ५२१९४४
फ्याक्स ०५६ ५२०७४७

प.सं. :-१/०६१/६२ शा.सु.
च.नं. :-

मिति :- २०६२/२/२४

विषय :-

**घाइतेहरु**

१. नाम थर, वतन नखुलेको अं. ५/६ वर्षको पुरष टाउको र हातमा छर्रा लागेको अवस्था चिन्ताजनक ।
२. जि.चि. कल्याणपुर २ बस्ने वर्ष १८ को शेषराज वाग्ले मुख र ढाडमा छर्रा लागेको अवस्था सामान्य ।
३. जि.चि.अयोध्यापुरी ६ बस्ने वर्ष २० को सुरज गुरुङ शरिरमा जतातती छर्रा लागेको ।
४. ऐ.ऐ.बस्ने वर्ष ६२ को कुम बहादुर गुरुङ मुख, दुबै खुट्टामा छर्रा लागेको ।
५. वर्ष अं. २/३ की नाम थर वतन नखुलेकी नाबालिका टाउको र हातमा छर्रा लागेको अवस्था सामान्य ।
६. वर्ष अं. २/३ की नाम थर वतन नखुलेकी नाबालिका टाउकोमा छर्रा लागेको अवस्था चिन्ताजनक ।
७. वर्ष अं. ४/५ को नाम थर नखुलेको नाबालक टाउकोमा छर्रा लागेको अवस्था सामान्य ।
८. जि.चि.अयोध्यापुरी २ बस्ने वर्ष अं. ४५ की धन कुमारी पौडेल दुबै खुट्टामा छर्रा लागेको अवस्था चिन्ताज
९. ऐ.ऐ.२ बस्ने वर्ष २२ की गिता पौडेल मुख र दाहिने हातमा छर्रा लागेको अवस्था सामान्य ।
१०. जि.चि.अयोध्यापुरी ६ बस्ने वर्ष १९ की पुजा गुरुङ पेटमा छर्रा लागेको अवस्था चिन्ताजनक (मेडिकल भैरहेको) ।
११. ऐ.ऐ. ८ बस्ने वर्ष ३० की विष्णु वि.क. दुबै खुट्टा फ्याक्चर अवस्था चिन्ताजनक ।
१२. ऐ.ऐ. ९ बस्ने वर्ष ४५ को चन्द्र बहादुर महत दुबै हात खुट्टा फ्याक्चर अवस्था चिन्ताजनक ।
१३. ऐ.ऐ. बस्ने वर्ष २७ की सिता सुवेदी मुखमा छर्रा लागेको अवस्था चिन्ताजनक ।
१४. ऐ.ऐ. ५ बस्ने वर्ष ५२ को नारायण पौडेल मुखमा काटेको अवस्था सामान्य ।
१५. कल्याणपुर ४ बस्ने वर्ष २५ की सावित्री ढकाल बाया खुट्टा फ्याक्चर अवस्था चिन्ताजनक ।
१६. ऐ.ऐ. ४ बस्ने वर्ष ४५ की जगत माया गुरुङ टाउको फुटेको, खुट्टा भाचिएको अवस्था चिन्ताजनक ।
१७. नाम थर वतन नखुलेको घाइते ।
१८. जि.चि.अयोध्यापुरी ४ बस्ने वर्ष २१ की हरिकला पुन दुबै खुट्टा फ्याक्चर अवस्था चिन्ताजनक ।
१९. जि.चि.भ.न.पा.१० बस्ने वर्ष ७२ को टिका प्रसाद बराकोटी आँखा र दुबै खुट्टा चोट अवस्था चिन्ताजनक ।
२०. जि.चि.अयोध्यापुरी ७ बस्ने वर्ष ३२ की मन कुमारी क्षेत्री अवस्था सामान्य ।
२१. ऐ. ६ बस्ने वर्ष २३ को राजु प्रजा पछाडी ढाड र अगाडि मुखमा चोट अवस्था सामान्य ।
२२. ऐ. ५ बस्ने वर्ष २० को नविन बस्नेत निधार र बाया हातको कुममा चोट अवस्था सामान्य ।
२३. ऐ. बस्ने वर्ष २१ को दिपक खडका पछाडी ढाड र पेटमा चोट अवस्था सामान्य ।
२४. जि.चि.वीरेन्द्रनगर २ घर भई हाल कास्की मालेपाटन बस्ने वर्ष ४९ को सुक बहादुर परियार बाया हातमा चोट पछाडी दुखाई अवस्था सामान्य ।
२५. जि.चि.कल्याणपुर ५ बस्ने वर्ष ३४ की नर माया आचार्य दाया खुट्टा र टाउकोमा दुखाई अवस्था सामान्य ।
२६. ऐ. ४ बस्ने वर्ष ४० को भानुभक्त आचार्य छाती र ढाडमा दुखाई अवस्था सामान्य ।
२७. जि.चि.बधौडा ८ बस्ने वर्ष १८ की सन्तोषी थापा दाया खुट्टा र टाउकोमा चोट अवस्था सामान्य ।
२८. ऐ. अयोध्यापुरी २ बस्ने वर्ष १६ की नारायणी सापकोटा बाया खुट्टामा चोट अवस्था सामान्य ।
२९. ऐ. बस्ने वर्ष ६० को मनहरी सापकोटा पछाडी ढाडमा दुखाई अवस्था सामान्य ।
३०. जि.लमजुङ बेसीशहर ७ बस्ने वर्ष ५४ को तिलक बहादुर फुयल बाया गाला र हातमा चोट अवस्था सामान्य ।
३१. जि.चि.खैरहनी ८ बस्ने वर्ष २२ की लक्ष्मी पौडेल बाया गाला र हातमा चोट अवस्था सामान्य ।
३२. ऐ. अयोध्यापुरी ८ बस्ने वर्ष ४५ की गोमा अधिकारी बाया हात, खुट्टा र टाउकोमा चोट अवस्था सामान्य ।
३३. ऐ.कल्याणपुर ८ बस्ने वर्ष ५१ को लक्ष्मीकान्त घिमिरे नाक, बाया हात, पछाडी पिठ्युमा चोट अवस्था सामान्य ।
३४. जि.चि.भ.न.पा. १० बस्ने वर्ष १८ को कृष्णमणि पौडेल बाया हातमा चोट, पछाडी ढाडमा दुखाई अवस्था सामान्य ।
३५. कल्याणपुर ५ बस्ने वर्ष ३९ की महिना लामिछाने छातीमा दुखाई मेडिकल कलेजमा उपचार पश्चात घर फिर्ता ।
३६. वतन नखुलेकी अन्जनी सुवेदी मेडिकल कलेजमा उपचार अवस्था चिन्ताजनक ।
३७. वतन नखुलेको आशिष क्षेत्री मेडिकल कलेजमा उपचार भैरहेको अवस्था चिन्ताजनक ।

**मृतकहरु**

१. आत्मराम सुवेदी वर्ष ३४ जि.चि.अयोध्यापुरी ७ गणेशकुञ्ज क्षतविक्षत अवस्था ।
२. जानुका तिवारी वर्ष ३० जि.चि.कल्याणपुर स्याउलीवास क्षतविक्षत अवस्था ।
३. मिना भण्डारी वर्ष ३० जि.चि.कल्याणपुर ५ क्षतविक्षत अवस्था ।

श्री ५ को सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
चितवन

☎ ०५६ ५२०१०५
०५६ ५२०१९८
०५६ ५२१९४४
फ्याक्स ०५६ ५२०७४७

प.सं. :-१/०६१/६२ शा.सु.
च.नं. :-

मिति :- २०६२/२/२४

विषय :-

४. विष्णु माया दुरा वर्ष ४५ सुन्दरवस्ती ठोरी पर्सा क्षतविक्षत अवस्था ।
५. दिनेश लम्साल वर्ष ३० झापा ।
६. गंगा लम्साल वर्ष २५ गोपालनगर झापा ।
७. दिल बहादुर सुवेदी वर्ष ४५ जि.चि.कल्याणपुर ४ चितवन ।
८. दिपिका लम्साल वर्ष ९ गोपालनगर झापा ।
९. विष्णु घिमिरे वर्ष ३५ गोपालनगर ।
१०. दिपा लम्साल वर्ष ८ गोपालनगर झापा ।
११. नव घिमिरे की सानी आमा वर्ष ४५ नवलपरासी गैडाकोट ।
१२. चन्द्र बहादुर विष्ट वर्ष ४५ तनहुँ ।
१३. रामचन्द्र सुवेदी वर्ष ५० जि.चि.कल्याणपुर ५ ।
१४. निर्मल सापकोटाको छोरा वर्ष ५ जि.चि.कल्याणपुर ५ ।
१५. रविन्द्र चौधरी वर्ष ३५ जि.चि.अयोध्यापुरी ५ ।
१६. रवि तिवारी वर्ष ७ जि.चि.कल्याणपुर ७ ।
१७. भुवन सिंह गुरुङको सासु वर्ष ५० जि.चि.कल्याणपुर ।
१८. चमुनारायण श्रेष्ठ वर्ष ३५ जि.चि.अयोध्यापुरी ५ ।
१९. सिता न्यौपाने वर्ष ३० जि.चि.अयोध्यापुरी ६ ।
२०. सानो माया बोट वर्ष ३५ जि.चि.अयोध्यापुरी ८ ।
२१. डिल माया सापकोटा वर्ष २५ जि.चि. कल्याणपुर ५
२२. यज्ञराज पौडेल वर्ष ५० नवलपरासी ।
२३. आशिष बराली वर्ष २ भ.न.पा.६ लंकु, चितवन ।
२४. खुम देवी पौडेल वर्ष ४० सिर्खौली नवलपरासी ।
२५. सुमन सेन ठकुरी वर्ष २६ हर्कपुर नवलपरासी ।
२६. फुर्के प्रजा वर्ष ३६ जि.चि.अयोध्यापुरी ६ ।
२७. सेती तिवारी वर्ष ४० जि.चि.कल्याणपुर ५ ।
२८. मिठु कार्कीको छोरा अं. वर्ष ३/४ को नाम नखुलेको कास्की पोखरा ।
२९. मिना प्रजा वर्ष २८/३० जि.चि.अयोध्यापुरी ६ ।
३०. मिठु कार्की वर्ष ४० कास्की पोखरा ।
३१. दुर्गा अं. वर्ष ३० जि.चि.अयोध्यापुरी गा.वि.स. जीवनपुर ।
३२. रमेश श्रेष्ठ वर्ष ३६ जि.चि. अयोध्यापुरी खरकट्ट ।
३३. मिना बोट अं. वर्ष २८ सुन्दरवस्ती ठोरी पर्सा ।
३४. नाम थर वतन नखुलेको अं. ४० वर्ष की महिला ।
३५. शा.से.से.को प्यूठ १ र सिपाही २ गरी जम्मा ३ जना ।

## घाईते व्यक्तिहरुको नामावली लगत

| | |
|---|---|
| १. जगनमाया गुरुङ्ग | २. साबित्री चौधरी (कल्याणपुर) |
| ३. दुर्गामाया मगर (देवेन्द्रपुर) | ४. सिता सुवेदी (गणेशकुन्ज) |
| ५. सुनार महिला (टम्टा) | ६. चन्द्र बहादुर महत (बघौडा) |
| ७. पुष्प गुरुङ्ग (जिवनपुर) | ८. हरिकला पुन (ईन्द्रपुरी) |
| ९. पूर्ण प्रसाद जिसी (कृतनपुर) | १०. टिका पराजुली (भरतपुर) |
| ११. कृष्ण अधिकारी (देवेन्द्रपुर) | १२. लक्ष्मी घिमिरे (कल्याणपुर) |
| १३. नेत्र गुरुङ्ग (जिवनपुर) | १४. सागर सुवेदी (जिवनपुर) |
| १५. प्रसुमा पौडेल (बच्चा) | १६. मन कुमारी क्षेत्री (कृष्णपुर) |
| १७. तिलम बहादुर सुयाल (लम्जुङ्ग) | १८. श्याम कुमारी सुवेदी |
| १९. कृष्ण पोखरेल (जगन्नाथपुरी) | २०. नरहरि सापकोटा (बेगनाश) |
| २१. गोमा अधिकारी (कृष्णनगर) | २२. टिका प्रसाद बोगटी (भरतपुर) |
| २३. पशुपति बास्तोला (पदमपुर) | २४. चन्द्र बहादुर महत (बगाई) |
| २५. लक्ष्मी पौडेल (खैरहनी) | २६. दिपक खड्का |
| २७. गोमा अधिकारी (कृष्णनगर) | २८. साबित्री ढकाल (कल्याणपुर) |
| २९. लक्ष्मी घिमिरे (गोपालनगर) | ३०. यम कुमार चुई (देवेन्द्रपुर) |
| ३१. नारायण पौडेल (खरकट्टा) | ३२. भानुभक्त आचार्य (कल्याणपुर) |
| ३३. कोपिला अधिकारी (देवेन्द्रपुर) | ३४. गिता पोखरेल (देवेन्द्रपुर) |
| ३५. पूजा गुरुङ्ग (जिवनपुर) | ३६. मैना देवी लामिछाने (कृतनपुर) |
| ३७. जानुका लामिछाने | ३८. राजु प्रजा (कान्तिपुर) |
| ३९. धन कुमारी पौडेल (देवेन्द्रपुर) | ४०. कृष्ण पौडेल (भरतपुर) |
| ४१. गुन्जन श्रेष्ठ (खरकट्टा) | ४२. नबिन भुजेल (खरकट्टा) |
| ४३. लाल सिंह मगर (कल्याणपुर) | ४४. नरमाया आचार्य (कृतनपुर) |
| ४५. सन्तोषी थारु (ब्रम्हपुरी) | ४६. धिरज था.म. (ललितपुर) • |
| ४७. ठंक बहादुर पुन (धादिङ्ग) • | ४८. कमल था.म. (स्याङ्गजा) • |
| ४९. यम बहादुर सा.म. (स्याङ्गजा) • | ५०. कृष्ण अधिकारी (देवेन्द्रपुर) |
| ५१. उजेली सुवेदी | ५२. सागर सुवेदी (देवेन्द्रपुर) |
| ५३. हरिकला पुन (कृष्णपुर) | ५४. हरि बहादुर तामाङ्ग |
| ५५. नाम नखुलेको बच्चा ४ जना | ५६. नाम नखुलेको बेहोस पुरुष ३ जना र महिला १ जना । |
| ५८. | |

## मृत्यु हुने व्यक्तिहरुको नामावली लगत

१. फुर्के प्रजा (ब्रम्हघरे)
२. सेती तिवारी (कृतनपुर)
३. सुमनसेन ठकुरी (नवलपरासी)
४. खुमादेवी पौडेल (नवलपरासी)
५. निर्मल सोपकोटा/छोरा (कृतनपुर)
६. यज्ञ पौडेल (नवलपरासी)
७. टंक बहादुर था.म.
८. चन्द्र बहादुर विष्ट (तनहुं)
९. रामचन्द्र सुवेदी (कृतनपुर)
१०. नव घिमिरेको सानीमा (गैडाकोट)
११. भुवनसिंह गुरुङ्ग (सांखु)
१२. विष्णु घिमिरे (गोपालनगर)
१३. दिपा लम्साल (गोपालनगर)
१४. दिल बहादुर सुनार (कल्याणपुर)
१५. दिपिका लम्साल (गोपालनगर)
१६. दिनेश लम्साल
१७. गंगा लम्साल (गोपालनगर)
१८. मिना भण्डारी (कृतनपुर)
१९. विष्णुमाया दुरा (कृष्णनगर/शिवद्धार)
२०. आत्मराम सुवेदी (गणेशकुन्ज)
२१. जानुका तिवारी (स्याउलीवास)
२२. चुम नारायण श्रेष्ठ (खरकट्टा)
२३. धन बहादुर आ.म.
२४. निर्मलको श्रीमती (कृतनपुर)
२५. सिता न्यौपाने
२६. मिना गुरुङ्ग
२७. आशिष क्षेत्री (कृष्णनगर)
२८. मिठु कार्की (खरकट्टा)
२९. रमेश श्रेष्ठ (खरकट्टा)
३०. रविन्द्र चौधरी (शिवद्धार)
३१. पदम बहादुर घ.म.
३२. मिठु कार्कीको छोरा
३३. सानुमाया बाठा (कृष्णनगर)
३४. मिना प्रजा (अयोध्यापुरी)
३५. मिना बोटे (ठोरी)
३६. रविन तिवारी (स्याउलीवास)

(भरतपुर अस्पतालमा उपचार हुदा हुदै मृत्यु भएका २ जनाको नाम थाहा नभएको)

*अनुसूची ५*

**चितवन घटना एकीकृत आन्दोलन भाँड्ने षडयन्त्र**

चितवन, जेठ २३/चितवनको माडीमा आज विहान सर्वसाधारण चढेको बसमा भएको बिस्फोटनबाट भएको ठूलो धनजनको क्षतिको घटनाबारे आफ्नोतर्फबाट गम्भीर अनुसन्धान भइरहेको कुरा माओवादीको एक उच्च सूत्रले कृष्णसेन अनलाइनलाई बताएको छ ।

शाही सत्ताका विरुद्ध माओवादी, संसदवादी र नागरिक समाजबीच एकीकृत आन्दोलनलाई भाँड्न शाही सत्ताले यो षडयन्त्र रचेको हुनसक्ने सो सूत्रले आशंका गरेको छ ।

घटनाको विना अनुसन्धान नै शाही सत्ताको प्रायोजित प्रचारलाई नै आधिकारिक ठानेर संसदवादी दलका जिम्मेवार नेता र मानवअधिकारवादी संघ/संस्थाका कार्यकर्ताहरुबाट समेत माओवादीविरुद्ध वक्तव्यवाजी गरेकोमा सो सूत्रले आश्चर्य प्रकट गरेको छ ।

शाही सेनाले सो घटना बारुदी सुरुङ बिस्फोट गराएर भएको बताएको छ । द्वन्द्व विशेषज्ञहरु भन्छन्- बारुदी सुरुङ्गबाट यति ठूलो क्षति हुनै सक्दैन ।

Source: Krishnasenonline.com

## घटना सम्बन्धमा माओवादीको वक्तव्य




***चितवन घटनाको माओवादीद्वारा गम्भीर आत्मालोचना***

*नेपाल कम्युनिष्ट पार्टी (माओवादी)*

*Communist Party of Nepal (Maoist)*

*केन्द्रीय समिति*

Central Committe

*प्रेस वक्तव्य*

*१. यही २०६२ जेठ २३ गते विहान चितवन जिल्ला कल्याणपुरको बाँदरे खोलामा विद्युतीय धराप बिस्फोटनबाट ठूलो संख्यामा सर्वसाधारण जनसमुदाय, जनयुद्धका समर्थक र शुभचिन्तक समेतको मृत्यु हुन गएकोमा हामी गम्भीर रुपमा दुःखी र मर्माहत भएका छौं । सर्वप्रथमतः मृतकका परिवाजनहरुमा हार्दिक समवेदना प्रकट गर्दछौं ।*

*२. निरंकुश सत्ताका शाही सैनिकहरुमाथि लक्षित गरी हाम्रो जनमुक्ति सेनाको एक टुकडीले थापेको उक्त विद्युतीय धराप सर्वसाधारणलाई क्षति पुग्ने गरी विस्फोट हुन जानु हाम्रो गम्भीर गल्ती भएको छ । मानवढालका रुपमा सर्वसाधारणलाई प्रयोग गर्ने शाही जल्लादहरुको कुकार्यको पनि हामी घोर निन्दा गर्दछौं । निर्दोष जनसाधारणमाथि लक्षित गरेर कुनै पनि रुपको फौजी कार्वाही नगर्ने हाम्रो पार्टीको नीति रहँदै आएको छ । र, यस नीतिमा कुनै पनि परिवर्तन नभएको स्पष्ट गराउँछौं ।*

*३. यो घटना पार्टीकै नीति विपरीत हुन गएको र ठूलो जनसमुदायको क्षति हुन गएकोमा आम जनसमुदायप्रति हामी गम्भीर आत्मालोचना प्रकट गर्दछौं । यसका साथै यस घटनामा संलग्न जनमुक्ति सेनाका सैनिक टुकडी र त्यसकार्यमा प्रत्यक्ष निर्देशन गर्ने पार्टी नेतृत्व समेतलाई तत्काल निलम्वन गरिएको जानकारी गराउँछौं ।*

४. निरंकुश राजतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्रको संघर्षमा हामी, सबै संसदीय दलहरु, नागरिक समाज गम्भीर रुपले सकारात्मक सहकार्यमा अघि बढिरहेको सन्दर्भमा घटेको यस घटनाको समग्र प्रकृतिप्रति दुश्मनको घुसपैठ भएको हुनसक्ने गम्भीर आशंका समेत हामीलाई भएको छ । यसबारे छानविन गरी सत्यतथ्य छिट्टै जनसमक्ष सार्वजनिक गरिनेछ ।

५. हामी आमजनसमुदायसमक्ष भविष्यमा यसप्रकारका घटना दोहोरिन नदिन कडाइपूर्वक लाग्ने प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छौं ।

२०६२ जेठ २४ गते

प्रचण्ड

अध्यक्ष

ने.क.पा.(माओवादी)

केन्द्रीय समिति